अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १५ / २०८३ कातिक २० गते शुक्रबार / नेपाल सम्वत ११४६ / Nov. 6, 2026 / मूल्य रू. १०/-

लोकतन्त्र र प्रेस स्वतन्त्रतामाथि प्रहार

काठमाडौं । २०८२ चैत्र १३ गते गठन भएको रास्वपा नेतृत्वको बालेन सरकार आफ्नै कार्यशैलीको कारण विवादको घेरामा पर्दै गएको छ । सरकारको कार्यशैलीलाई लिएर राजनीतिक दल, नागरिक समाज, लगायत सञ्चार जगत्ले विरोध जनाइरहेका भएपनि सरकार आफ्नो कार्यशैली सच्चाउने पक्षमा नरहेको प्रधानमन्त्री बालेनको व्यवहार देखाएको छ ।

लोकतान्त्रिक व्यवस्थामा व्यक्ति होइन संस्था बलियो हुनुपर्दछ । संविधानले दिएका अधिकारहरु सबैले उपयोग गर्न पाउनुपर्दछ तर २०८२ भाद्र २३ गते भएको जेनजीहरुको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यलाई टेकेर २०८२ फागुन २१ गते भएको संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकारको कार्यशैली विवादको घेरामा परेको छ ।

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

न्यायाधिश छानविनको बल अब संसदमै पुग्ने

काठमाडौं । सत्ताधारी दल रास्वपाले न्यायाधिशहरुमाथि महाभियोग लगाउनुपर्ने संस्थागत निर्णय गरेपश्चात् कार्तिक १६ गते बसेको सर्बोच्च अदालतको फुलकोटले आफैंले न्यायाधिशहरुमाथि लागेको आरोपका बारेमा छानविन नगर्ने निर्णय गर्दै संविधान र कानुन बमोजिम निष्पक्ष अनुसन्धान गर्न सम्बन्धित निकायलाई आग्रह गर्ने निर्णय गरेको छ । सम्बन्धित निकाय भनेको संसदनै हो । अब न्यायाधिशहरु माथि कुनै कानुनी प्रक्रिया अघि बढ्ने हो भने त्यो भनेको महाभियोग नै हो ।

सर्बोच्च अदालतको फुलकोर्टले फिक्सर इनम सापकोटासँगको सम्बन्ध र सम्पर्कको विषयमा प्रश्न उठेका न्यायाधिशमाथि संविधान र कानुन बमोजिम निष्पक्ष छानविन गर्न सम्बन्धित निकायलाई आग्रह गर्ने निर्णय

>>> बाँकी ८ पेजमा

चार्टर्ड एकाउन्टेन्टको धन्दा मुद्दा हाल्दै हिड्ने वा ?

काठमाडौं । चार्टर एकाउण्टेन भन्ने पेशा सम्मानित भएपनि आफ्नै कुकर्मले फल भोग्दै आएका भेषराज लुइटेललाई चार्टर्ड एकाउण्टेन एसोसियसनले उनलाई लेखा परीक्षण गर्न नपाउने गरी कारबाही गरेपछि उनी विभिन्न संघ संस्था र विभिन्न व्यावसायिहरुका विरूद्ध पछिल्लो समयमा व्यक्तिगत स्वार्थ पूरा गर्नैका लागि अदालतमा मुद्दा हालेर आफ्नो स्वार्थ पूरा गर्न लागि परेका छन् ।

त्यसैक्रममा उनले पछिललो समयमा विभिन्न सम्मानित संस्थाहरुका विरूद्ध अदालतमा मुद्दा दर्ता गर्ने र मुद्दा दर्ता गरि सकेपछि तिनै संस्थाहरुमा आफ्ना मान्छे पठाएर लाखौं रकमको बार्गेनिङ गरी मिलापत्र गराउने प्रयास गरिरहेका समाचारहरु प्रकाशित/प्रसारित हुँदै आएका छन् । त्यसै क्रममा उनले साल्ट ट्रेडिङ्

>>> बाँकी ८ पेजमा

कुनै सार्वजनिक पदमा नरहेका सापकोटाले हल्लाए सरकार र न्यायालय

प्रेस स्वतन्त्रता र न्यायालय बलियो हुनुपर्ने आवश्यकता अझ बढ्यो

देवेन्द्र चुडाल



काठमाडौं । कुनै चर्चामा नै नभएका व्यक्तिको गिरफ्तारीले प्रधानमन्त्री बालेन साहको सचिवालय, सुरक्षा निकायका उच्च उपदाधिकारी, सर्बोच्च अदालत र राजनीतिक दलका नेताहरु समेत जोडिएको काण्डको उजागर भएको छ । सार्वजनिक संस्थालाई प्रभावित पार्ने र आफ्नो स्वार्थ पूरा गर्ने प्रयासमा कुनै पदमा नै नरहेको व्यक्तिले यति ठुलो संकट ल्याउन सक्छन् भन्ने हेक्का सरकार, सुरक्षा निकाय, राजनीतिक दल र प्रधानमन्त्रीको सचिवालयलाई नहुनु सूचनाको कमजोरी हो ।

सरकारले सूचना नै पाउँदो रहेछ भन्ने यस प्रकरणले प्रष्ट पारेको छ । इनम सापकोटा कसरी उच्च पदस्थ व्यक्तिहरुसँग पुग्थे र ती सम्बन्ध केका लागि प्रयोग गरिन्थ्यो भन्ने प्रश्न अहिले उठेको छ ।

कुनै औपचारिक पदमा नरहेको र कुनै नाम नचलेका व्यक्तिले शक्तिशाली अधिकारीहरुसँग कसरी सम्बन्ध कायम गरेर उनीहरुले गर्ने निर्णयमा प्रभाव पार्न सक्ने अवस्था कसरी बन्यो ? उनले त्यस्ता व्यक्तिरूबाट के के चाहेका थिए ? ती सम्बन्धहरु व्यक्तिगत स्वार्थका लागि थिएक कि अरू कसैका लागि उनी प्रयोग मात्र भएका थिए भन्ने प्रश्न अहिले उठेको छ । त्यही कारणले गर्दा सापकोटामाथिको अनुसन्धानमा मात्र सिमित रहनु हुँदैन/छैन ।

सापकोटा र सर्बोच्च अदालतका न्यायाधिशबीच भएको सम्वादले नै न्यायाधिशलाई महाभियोगको सम्भावनालाई बढाएको र राजनीतिक बहसमा ल्याएको छ । यसै कारणले गर्दा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीलाई नै अप्ठ्यारो अवस्थामा पुऱ्याएको छ ।

रास्वपाले सापकोटा र न्यायाधिशबीच भएको सम्वाद सार्वजनकि गर्ने पत्रकारहरूलाई पक्राउ गरेकोमा त्यसलाई विरोध गर्दै निन्दा समेत गरेको छ । विवादमा मुछिएका न्यायाधिशमाथि महाभियोग लगाउने वा नलगाउने भन्ने विषयमा रास्वपाभित्रै मतभेद रहेको

>>> बाँकी ८ पेजमा

प्रहरी संगठन कमजोर बनाउने खेल !

काठमाडौं । आकस्मिक रूपमा १८ गते बुधबार बसेको मन्त्रिपरिषद्को बैठकलेले आईजीपी दानबहादुर कार्कीलाई हटाउँदै एआईजी मनोज केसीलाई प्रहरी प्रमुख बनाउने निर्णय गरेको थियो ।

बुधबार मन्त्रिपरिषद् बैठकपछि शिक्षामन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले आ□नो पार्टी अर्थात् रास्वपाको समेत निर्देशन पाएर दानबहादुर कार्कीलाई आईजीपीबाट हटाएर मनोज केसीलाई ल्याएको दाबी गरेका थिए ।

मन्त्रिपरिषद्को निर्णयमा भनिएको थियो, 'वर्तमान परिस्थितिमा मुलुकको शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्नका लागि प्रधानमन्त्रीलाई सुरक्षासम्बन्धी आवश्यक सल्लाह, सुझाव र परामर्श दिन नेपाल प्रहरीका प्रहरी महानिरीक्षकस्तरको प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा सिर्जना गर्ने ।'

सोही निर्णयअुनसार प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारमा आईजीपी कार्कीलाई खटाउने भनिएको छ । उनको काम के हुनेछ, कुनै यथेष्ट विवरण छैन । बरू तर्क जे गरिए पनि मनोज केसीलाई आईजीपी बनाउनैका लागि कार्कीलाई सुरक्षा सल्लाहकारमा लगिएको स्पष्ट छ ।

केसीले बुधबार नै दर्ज्यानी चिह्न प्राप्त गर्दै

>>> बाँकी ६ पेजमा

सरकार ७ महिनामा दर्जनौं असंवैधानिक कार्यमा संलग्न

काठमाडौ. । जान्नेलाई छान्ने भन्ने रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको सात महिना पूरा भएको छ । यो सात महिनाको समयमा सरकारले जनताको हितमा कुनैपनि उल्लेखनीय काम गर्न सकेको छैन । यहि समयमा केही विपदका घटनाहरु समेत भए ।

भोटेकोशीमा आएको बाढीका कारण धेरे मानिसहरु घरबारविहिन भए । सरकारले उनीहरूलाई सहयोग गर्ने घोषणा गऱ्यो तर पनि पिडित परिवारले आवश्यक सेवा सुविधा पाउन नसकेको दुःखेसो पोखिरहेका छन् भने बालेन सरकार भने प्रतिशोधको राजनीतिमा र फेसबुक स्टाटस मै रमाउन लागि परेको छ ।

लोकतान्त्रिक व्यवस्थामा व्यक्ति बलियो होइन संस्था बलियो हुनु नै लोकतान्त्रिक व्यवस्था बलियो हुनु हो । तर बालेन सरकार संस्था बलियो होइन व्यक्ति बलियो बनाउने कार्यमा सक्रिय भएको छ । सबैभन्दा पहिला सरकारले विपक्षी दलका नेताहरूलाई पक्राउ गरी कारबाही गर्ने रणनीति लियो ।

बालेन सरकार गठन भएको २०८२ चैत्र १३ गते नै नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका नेता तथा पूर्व गृहमन्त्रीलाई मध्यरातमा पक्राउ गरियो । त्यसपछि निजी क्षेत्रका सञ्चारमाध्यमहरूलाई दिँदै आएको सरकारी विज्ञापन नदिने निर्णय गरियो । त्यसपछि लोककल्याणकारी विज्ञापन प्रकाशित गरेवापत् पत्रपत्रिकालाई दिइने रकममा कटौती गरियो ।

यसरी स्टेप वाई स्टेप सरकराले जनताका अधिकार खोसे प्रयासमात्र गरेन प्रधानमन्त्री स्वयमले स्टाटस मार्फत विपक्षी दल र उनीहरुका कार्यकर्ता तथा सञ्चार जगत्लाई तर्साउने कार्य समेत गरियो सो क्रम आजसम्म जारी रहेको छ ।

>>> बाँकी ८ पेजमा

सबै विपक्षी दलको एउटै स्वर : संसदीय समिति गठनमा जोड

काठमाडौं । विचौलियासँग सम्बन्ध राख्ने न्यायाधिश विरूद्ध महाभियोग लगाउनुपर्ने विषयमा संसदमा उपस्थित भएका सबै विपाक्षी दलहरु एकमत भएका छन् । महाभियोग अघि बढाउन तत्काल संसदको बैठक बोलाउनुपर्ने माग (कार्तिक १६ गते) बसेको विपक्षी दलहरुको बैठकको निर्णय गरेको छ ।

महाभियोग लगाउने कि नलगाउने भन्ने विषयमा सत्ताधारी दल रास्वपा र सरकारबीचमा आन्तरिक रस्साकस्सी चलिरहेको बेला विपक्षी दलहरूले न्यायालयलाई त्रासमा राख्न महाभियोगलाई राजनीतिक अस्त्र नचलाउन रास्वपा सरकारलाई चेतावनी समेत दिएका छन् ।

नेपाली कांग्रेसले सिंहदरबारस्थित आफ्नै संसदीय दलको कार्यालयमा बोलाएको प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने विपक्षी दलहरुको बैठकमा सञ्चार गृहमा प्रवेश गरेर पत्रकारहरूलाई पक्राउ गर्ने घटनालाई गम्भीर रूपमा लिँदै त्यसको छानविन गरी दोषीमाथि कारबाही हुनुपर्ने माग समेत गरेका छ । त्यसका सागै सुनकोशी मरिण भाइभर्सन बहुउदेश्यीय आयोजनाको ठेक्का प्रक्रिया रद्द र जलस्रोत तथा सिचाईं विभागका महानिर्देशक दिनेश रजौरिया र आयोजना प्रमुख कृष्ण प्रसाद रिजाललाई नियन्त्रणमा लिएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुऱ्याएको विषयलाई विपक्षी दलहरूले मुद्दा बनाएका छन् ।

सरकारले सम्वैधानिक निकाय सञ्चार माध्यम, प्रहरी, कर्मचारी प्रशासन लगायत सबै क्षेत्रका आतंकित पार्ने काम गरेकोले अब विपक्षी दलहरु एकै ठाउँमा उभिएर संविधान र प्रणालीको रक्षाका लागि त्यस्ता गलत कार्यको प्रतिवाद गर्ने प्रमुख विपक्षी दलका नेता भिष्पराज आङदेम्वेले बताएका छन् भने उनले अब सरकारलाई दिएको शकाको लामो समय समाप्त भएको समेत बताएका थिए ।

कांग्रेसका सभापति गगन थापाले गत आइतबार पार्टीको आकस्मिक बैठक बोलाएर यिनै विषयमा आफ्नो धारणा राखेका थियो । तिनै धारणालाई आङ्देम्वेले विपक्षी दलहरूको बैठकमा उठाएका थिए । विपक्षी दलहरूले संसदीय समितिको गठनको औपचारिक माग छैन तर संसदको बैठक सुरू भएपछि औपचारिक माग राखिने नेकपाका संसदीय दलका मुख्य सचेतक युवराज दुलालले बताएका थिए । विपक्षी दलहरूको बैठकमा न्यायाधिसहरूको विचौलियाहरूसँगको सम्बन्ध, सत्ता पक्षले महाभियोग लगाउन गरिरहेको छलफल, राज्य आतंक मच्चाएर मिडियालाई नियन्त्रण गर्ने प्रयास, अर्थमन्त्री स्वर्णिम बाग्लेले भारतीय भूमिमा गएर राष्ट्रियताको विषयमा दिएको अभिव्यक्ति सरकारले प्रहरी कर्मचारीतन्त्रमा मच्चाएको आतंका बारेमा विपक्षी दलहरूले छलफल गरेका थिए ।

ससदको बैठक बोलाउनुपर्ने विपक्षीदलहरूको मागलाई उनीहरूले पहिलो प्राथमिकतामा राखेका थिए भने राप्रपाकी प्रमुख सचेतक खुश्बु ओलीले न्यायलयमा देखिएको विकृत्तिको तत्काल अन्त्य गरी न्यायालयको पुर्नसंरचना हुनुपर्नेमा जोड दिँदै तत्काल संसदको बैठक बोलाउनुपर्ने बताएकी थिइन् ।

सञ्चारकर्मीलाई पक्राउ गर्दा समाचारको स्रोत बन्द हुँदैन सरकार !

काठमाडौं । गत शुक्रबार (कार्तिक १३ गते) प्रहरीले सञ्चारगृहमा नै प्रवेश गरेर केही पत्रकारहरूलाई विना पुर्जी पक्राउ गरिएको घटनाले निकै चर्चा पाएको छ । पत्रकारहरूलाई पक्राउ गर्नुको कारण प्रहरीले स्पष्ट रूपमा खुलाउन सकेको थिएन भने पक्राउ गर्नुको कारण समेत उनीहरूलाई बताइएको थिएन । कसैलाई पक्राउ गर्नुभन्दा अगाडि अदालतको आदेश चाहिने नियमलाई समेत पालना गरिएको थिएन ।

नेपालको संविधानले नै पूर्ण प्रेस स्वतन्त्रता दिएको छ । प्रेस स्वतन्त्रता भनेको प्रचलित नियम कानुन भन्दा बाहिर गएर पत्रकारहरूलाई विना पक्राउ पुर्जी पक्राउ गर्नु होइन । समाचार प्रकाशित र प्रसारित भएको विषयलाई लिएर

>>> बाँकी ८ पेजमा

A challenge for Pakistan's transit trade

Dr Muhammad Akram Zaheer

A direct freight train carrying industrial goods from China has reached Afghanistan through Central Asia, highlighting the changing pattern of regional trade and raising questions about Pakistan's role as a transit route for its landlocked neighbour. The train departed from China's Shandong province, crossed the Khorgos border crossing into Kazakhstan, travelled through Uzbekistan and arrived at Afghanistan's Hairatan dry port after a journey of around 20 days. The shipment, reportedly worth about $1.2 million, includes textiles, chemicals, tools and construction machinery.

The development offers Afghanistan another route for importing goods from China. It also presents a challenge for Pakistan, which has long benefited from handling Afghan-bound cargo through Karachi's port and transporting it by road to Peshawar and onward across the Torkham border.

For years, this route formed an important part of Pakistan's transit trade. Goods arriving at Karachi were moved through the country's road network before entering Afghanistan. The process generated revenue from port operations, transport, warehousing, customs-related services and other commercial activities. It also gave Pakistan an opportunity to benefit from its geographical position between the Arabian Sea and Afghanistan. The emergence of a direct rail connection through Central Asia could gradually reduce Afghanistan's dependence on this traditional route, particularly if rail transport proves competitive in terms of cost, reliability and delivery time.

For a landlocked country such as Afghanistan, access to efficient trade corridors is essential. Imports are needed not only to meet consumer demand but also to supply factories, construction projects and other economic activities. The availability of alternative routes can help traders reduce their dependence on a single transit corridor and negotiate more favourable transport arrangements. The new rail movement demonstrates the potential of existing railway links between China and Central Asia. Instead of sending goods by sea to Karachi and then moving them overland through Pakistan, traders can use a northern route through Kazakhstan and Uzbekistan to reach Afghanistan.

A journey of around 20 days may make this option attractive for certain categories of cargo, although the actual advantage will depend on freight charges, border procedures, handling costs and the reliability of future services. A single shipment is not enough to establish whether the route will become a regular alternative on a large scale. Its long-term significance will depend on whether similar trains operate consistently and whether the service can accommodate growing volumes of trade.

Rail transport also has its limitations. Not every product is suited to the same route, and traders must consider the availability of railway facilities, the cost of transferring goods between transport systems and the time required for customs clearance. Sea transport through Karachi may remain competitive for many shipments, particularly where large volumes and established supply chains make it economical. Nevertheless, the new connection gives Afghan importers another option. In regional trade, the availability of alternatives can itself change bargaining power, even before a new route handles a substantial share of total cargo.

As China and Central Asian countries strengthen their commercial links with Afghanistan, Pakistan will need to turn its geographical advantage into a practical economic benefit. In an increasingly connected region, transit trade is not secured by location alone. It must be earned through reliable services, competitive costs and policies that allow commerce to move with minimum delay.



The route through Kazakhstan and Uzbekistan reflects the growing importance of Central Asia in regional connectivity. Railway links can help these countries expand transit services, develop logistics facilities and earn revenue from the movement of goods across their territories.

For Afghanistan, stronger links with Central Asia could diversify its trade and reduce the risks associated with relying too heavily on one corridor. For China, overland connections provide another means of reaching regional markets and strengthening commercial ties with neighbouring countries. The benefits, however, are not automatic.

Reliable infrastructure, predictable border procedures, coordination between customs authorities and stable commercial arrangements are necessary if such routes are to attract regular business. Delays at borders or high handling charges can undermine the advantages of rail transport. The economic value of the new corridor will therefore depend on more than the arrival of a single train. Regular services, transparent tariffs and efficient movement across national borders will determine whether it becomes a significant channel for trade.

For Pakistan, the development should be a reason to reassess its transit trade policy. The country's geographical position has long offered an advantage, but location alone cannot guarantee continued business. Traders will choose routes according to cost, speed, reliability and ease of doing business. Pakistan has much to gain from retaining its position as a major trade gateway for Afghanistan and the wider region.

Karachi remains an important port, while the country's transport network provides access to Afghan markets. But these advantages need to be supported by efficient port operations, modern logistics, streamlined customs procedures and fewer delays at border crossings. If moving goods through Pakistan becomes expensive or unpredictable, importers will have stronger reasons to consider alternatives. The new rail route is a reminder that commercial decisions are shaped by practical considerations rather than geography alone.

Pakistan can respond by reducing the time required to clear transit cargo, improving coordination between ports and transport operators, and making border procedures more transparent. Better roads, warehousing and freight services would also help keep the country's transit corridor competitive. More consistent trade arrangements with Afghanistan could further strengthen confidence among businesses that depend on cross-border commerce.

The direct train from China should not be interpreted as proof that Pakistan is about to lose its position in Afghan trade. The scale of any shift will depend on future freight volumes, costs and the frequency of rail services. Yet it signals that regional trade routes are changing and that Pakistan cannot take its existing advantages for granted. The choice facing Pakistan is straightforward: improve the efficiency of its transit system or risk losing business to routes that offer traders better terms.

As China and Central Asian countries strengthen their commercial links with Afghanistan, Pakistan will need to turn its geographical advantage into a practical economic benefit. In an increasingly connected region, transit trade is not secured by location alone. It must be earned through reliable services, competitive costs and policies that allow commerce to move with minimum delay.

धितोपत्र बोर्डको सूचना प्रविधि नीति

अब अल्गोरिदमबाटै सेयर खरिद-बिक्री

काठमाडौं- पुँजीबजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डले अल्गोरिदमबाटै सेयर कारोबार गराउने परिकल्पना गरेको छ । बोर्डले 'नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०८३' जारी गर्दै सेयर खरिद-बिक्रीमा अल्गोरिदमिक कारोबार प्रणाली लागू गर्ने बताएको हो । अर्थात्, सेयर कारोलाई पूर्ण स्वचालित बनाउने परिकल्पना गरिएको छ । बोर्डले नीतिमार्फत सेयर कारोबार, बजार निगरानी र लगानीकर्ताको सेवामा कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गर्ने योजना बनाएको छ । यसका लागि छुट्टै निर्देशन जारी गरिने बताइएको छ । 'धितोपत्र कारोबार, बजार निगरानी र लगानीकर्ता सेवामा कृत्रिम बुद्धिमत्ता/मेसिन सिकाइ प्रविधिको प्रयोगका लागि बोर्डले निर्देशन जारी गर्नेछ,' नीतिमा भनिएको छ ।

यसैगरी, अल्गोरिदमिक कारोबार प्रणाली ल्याउने परिकल्पना पनि गरिएको छ । अर्थात् अल्गोरिदमबाट सेयर कारोबार गराउने कल्पना बोर्डले गरेको छ । 'अल्गोरिदमिक कारोबार प्रणालीहरु प्रयोगमा ल्याउनुपूर्व धितोपत्र बजारको स्वीकृति आवश्यक हुनेछ, धितोपत्र बजारले सोको विस्तृत जानकारीसहितको प्रतिवेदन बोर्डमा पेस गर्नुपर्नेछ र बोर्डबाट सो प्रतिवेदनउपर अध्ययन गरी आवश्यकतानुसार थप व्यवस्था गर्न लगाउन सक्नेछ । एआई तथा मेसिन लर्निङ प्रणालीमा अनिवार्य मानवीय निगरानीको व्यवस्था हुनुपर्नेछ । एआई प्रणालीको निर्णय प्रक्रिया व्याख्यायोग्य हुनुपर्नेछ ।'

अब सेयरबजार सञ्चालन गर्न प्रयोग गरिने प्रणालीको अडिट अनिवार्य गरिने भएको छ । प्रणाली बनाउने तथा सञ्चालन गर्ने संस्थाहरूले नै यसको अडिट गर्नुपर्नेछ । पछिल्लो समय सेयरबजारको प्रणालीमा साइबर सुरक्षाको जोखिम बढेको छ । गत ४ असोजमा टिएमएस प्रणालीको डेटा राखिएको डेटा हब प्रालिको डेटा सेन्टरमा र्यान्समवेयर नामक भाइरस आक्रमण भएको थियो । त्यस घटनापछि बोर्डले सूचना प्रविधि नीति ल्याएर बजार प्रणालीको अडिट गर्नुपर्ने नीति ल्याएको हो । 'बजार प्रणाली र केन्द्रीय निक्षेप प्रणालीको संपरिक्षण (सिस्टम अडिट) गर्नुपर्ने व्यवस्था गरिनेछ,' नीतिमा भनिएको छ, 'बजार पूर्वाधार संस्थाहरूले वार्षिक र अन्य बजार सहभागीहरूले द्विवार्षिक सूचना प्रविधि अडिट गराउनुपर्नेछ ।'

अडिटमा कम्तीमा कारोबार प्रणाली, राफसाफ, साइबर सुरक्षा नियन्त्रण र डाटा व्यवस्थापन समावेश हुनुपर्ने बोर्डको भनाइ छ । अडिट प्रतिवेदन तीन महिनाभित्र बोर्डमा पेस गर्नुपर्नेछ । संवेदनशील निष्कर्ष पाइएमा ३० दिनभित्र सुधार गर्नुपर्ने नीतिमा उल्लेख छ ।

बोर्डले नीतिमार्फत धितोपत्र बजारसम्बन्धी तथ्यांक अनिवार्य रूपमा नेपालभित्र नै भण्डारण गर्नुपर्ने बताएको छ । तथ्यांकलाई तीन भागमा वर्गीकरण गरेर भण्डारण गर्नुपर्ने बताइएको छ । धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी केन्द्रीय तथ्यांक बैंक स्थापना गरिने नीति पनि बोर्ड ल्याएको छ । 'बजारसम्बन्धी तथ्यांक तथा जानकारीको अभिलेख तथा व्यवस्थापनका लागि सूचना प्रविधियुक्त धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी केन्द्रीय तथ्यांक बैंकको सुधार तथा विकास गरिनेछ,' बोर्डले भनेको छ । बोर्डका अनुसार सार्वजनिक, संवेदनशील व्यापार र व्यक्तिगत लगानीकर्ता गरेर तथ्यांकलाई तीन भागमा विभाजन गरेर भण्डारण गर्नुपर्नेछ । धितोपत्र बजार तथ्यांक नेपालभित्र नै भण्डारण अनिवार्य हुने नीतिमा उल्लेख छ । सेयरबजार सहभागीहरूले विद्युतीय रूपमा सूचनाप्रवाह तथा प्राप्ति गर्न सक्ने गरी विद्युतीय सूचना प्रणाली लागू गर्ने पनि बताइएको छ ।


कसरी हुन्छ अल्गोरिदमबाट कारोबार ?

अहिले मानिस आफैंले नै सेयर खरिद-बिक्री गर्छन् । अल्गोरिदमिक कारोबार प्रणालीमा भने सफ्टवेयरमार्फत प्रणालीले बजारको अवस्था विश्लेषण गरेर निर्धारित सर्त पूरा भएपछि आफैं खरिद-बिक्री गरिदिन्छ ।

लगानीकर्ताले कुनै कम्पनीको सेयरमूल्य एक हजारभन्दा तल झरेमा किन्ने नियम बनाउँछ भने सफ्टवेयरले उक्त कम्पनीको बजारमूल्यमा निरन्तर निगरानी गरिरहन्छ । सेयर मूल्य लगानीकर्ताले चाहेअनुसार एक हजारभन्दा तल झर्नासाथ खरिद आदेश दिन्छ । यसमा मानवीय शक्ति आवश्यक नपर्ने विज्ञहरु बताउँछन् । यी सबै काम स्वचालित हुन्छन् । अमेरिकालगायतका विकसित मुलुकमा अल्गोरिदमिक कारोबार प्रणालीहरु यसअघि लागू भएका छन् । भारतले पनि सन् २०१२ मा यससम्बन्धी निर्देशका ल्याइसकेको छ । त्यो प्रविधिलाई नेपालले पनि लागू गर्न लागेको हो ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का प्रवक्ता मुरहरि पराजुलीले विकसित सेयरबजारमा यस्तो कारोबार प्रणाली सञ्चालनमा रहेको बताए । 'कतिपय विकसित बजारमा यस्तो प्रणाली छ । यसलाई एल्गो कारोबार प्रणाली भनिन्छ । यसमा लगानीकर्ताले कुनै कम्पनीको सेयरमूल्य यतिमा आयो भने किन्नु र यतिमा पुग्यो भन्ने बेच्नु भनेर मेसिनमा सेट गरिन्छ । त्यो मूल्यसँग म्याच भयो भने मेसिनले सोहीअनुसार खरिद बिक्रीको अर्डर राख्छ,' उनले भने, 'तर, नेपालमा यो धेरै जोखिमयुक्त हुने भएकाले लागू गरिएको छैन । सिस्टमले हुँदै नभएको मात्रामा सेयर बिक्रीको अर्डर राखिदियो, लगानीकर्तासँग पैसा नहुँदानहुँदै पनि सेयर किनिदियो भने के गर्ने ? यस्ता जोखिम भएका कारण यसलाई विकसित बजारले मात्रै अपनाउन सकेका छन् ।'

नेपालले कश्मीरकोजस्तो नियति भोग्नु नपरोस्



• राजन कार्की
rajan2012karki@yahoo.com

कश्मीरको रक्तपातको सुरुआत सन् १९४७ अक्टोबर २७ मा श्रीनगरमा भारतीय सेना अवतरण गरेपछि सुरु भएको हो । भारतले जम्मु-कश्मीरलाई त्यहाँका जनताको चाहना विपरीत तथा भारतीय स्वतन्त्रता ऐन र विभाजन योजनाको पूर्ण बेवास्ता गर्दै आफ्नो नियन्त्रणमा लिएको दिन थियो त्यो । यसकारण कश्मीरीहरु अक्टोबर २७ लाई कश्मीरको इतिहासमा कालोदिनका रूपमा सम्झना गर्छन् । हरेक वर्ष यही दिनमा "कालो दिवस" मनाउने गर्छन् । यही कालो दिनको सम्झनामा कश्मीरलाई सद्भाव राख्ने विश्वभरिका मित्रहरूले ऐक्यवद्धता जनाउने गरेका छन् ।

अंग्रेज शासनमा रहेको उपनिवेशको भूभागलाई भारत र पाकिस्तानका रूपमा विभाजन गर्ने योजना ३ जुन १९४७ मा बन्यो, योजनाअनुसार हिन्दू बहुल क्षेत्र भारतमा र मुस्लिम बहुल क्षेत्र पश्चिमी प्रान्त खथा पूर्वी बंगलामा पाकिस्तानमा समोवेश गर्ने योजनाको घोषणा गऱ्यो, जसलाई बेलायती संसदले १८ जुलाई १९४७ मा पारित गरेको थियो । त्यतिबेला ती क्षेत्रमा ५६८ स्वतन्त्र रजौटाहरु पनि स्वतन्त्र भए, जसलाई यी दुई मध्ये कुनै एकमा विलय हुन भनिएको थियो । १९ जुलाई १९४७ मा श्रीनगरको आबि गुजारमा जम्मु-कश्मीर मुस्लिम कन्फरेन्सको बैठक बस्यो, जुन बैठकले ८७ प्रतिशत मुस्लिम बहुलता भएको जम्मु-कश्मीरलगायतका क्षेत्र पाकिस्तानसँग विलय हुने मत पारित गरेका थिए ।

भारत अखानो बनेर निस्कियो । विभाजनका नियम, सर्त, मान्यता भारतले उल्लंघन गऱ्यो र हैदराबाद, जुनागढ र कश्मीरमा हस्तक्षेप गरी नियन्त्रण जमाउन पुग्यो । त्यतिबेला जम्मु-कश्मीरका महाराजा हरि सिंह थिए, उनले भारतीय राष्ट्रिय कांग्रेसका नेताहरु र बेलायती शासकहरूसँगको सहमतिमा तथाकथित "इन्स्ट्रुमेन्ट अफ एक्सेसन" मार्फत भारतसँग विलयको घोषणा गरिदिए । त्यो सहमति आजसम्म रहस्यमै छ । यही सहमतिले कश्मीर विवादको विष वृक्ष बन्यो, जुन आज ७९ वर्षसम्म पनि कश्मीरको भविष्य रक्तपातमय बनाइरहेको छ । बेलायती इतिहासकार एलिष्टर ल्याम्ब ती व्यक्ति हुन्, जसले भारतको "इन्स्ट्रुमेन्ट अफ एक्सेसन" को दाबीलाई चुनौती दिएका छन् । उनको पुस्तक दी बर्थ अफ ट्राजिटी मा लेखिएको छ- उक्त दस्तावेजमा हस्ताक्षर हुनु अघि नै भारतीय सेना कश्मीरमा प्रवेश गरिसकेको थियो । यही कारणले भारतले उक्त दस्तावेज कुनै पनि अन्तर्राष्ट्रिय मञ्चमा सार्वजनिक गर्न सकेन । कश्मीरी अनुसन्धानकर्ता अब्दुल माजिद जर्गार, बसरत हुसेन ` पनि उक्त भारतले दावीलाई खारेज गरिदिएका छन्, नक्कली भनेका छन् । वास्तविक दस्तावेज नै नभएको उल्लेख गरेका छन् । आश्चर्य त के छ भने भारतको अभिलेख विभागले त्यो दस्तावेज हराएको घोषणा गरेको छ । जुन पत्याउन सकिदैन ।

विभाजनका लागि बेलायती वकिल सिरिल ऱ्याडक्लिफ को नेतृत्वमा सीमा आयोग बनेको थियो, यो आयोगले मुस्लिम बहुल जम्मु कश्मीरसम्म सहज पहुँच भएको गुरदासपुर क्षेत्र भारतलाई दिने निर्णय गरेपछि कश्मीर विवाद झन झन उल्झियो । कश्मीर विवादको सिर्जनाकार बेलायती वकिललाई पनि मानिन्छ । कश्मीर विवाद चर्कनथाल्यो र कश्मीरीहरूले भारतीय नियन्त्रणविरुद्ध प्रतिरोध गर्न थाले ।यसपछि यो कश्मीर विवाद राष्ट्रसंघमा प्रवेश गरेको थियो ।

संयुक्त राष्ट्रसंघमा कश्मीर

कश्मीरीको उग्र प्रतिरोधले भारत रक्षात्मक स्थितिमा पुग्यो । १९४८ जनवरी १ मा कश्मीर विवाद समाधानको लागि राष्ट्रसंघको सुरक्षा परिषद प्रवेश गर्नपुग्यो ।

सुरक्षा परिषद्मा बहस भयो र समयक्रममा विभिन्न प्रस्तावहरु पारित गऱ्यो । जसलाई भारत र पाकिस्तान दुवैले स्वीकार पनि गरेका थिए । सुरक्षा परिषदमा पारित ती प्रस्तावहरूमा कश्मीरी जनतालाई आत्मनिर्णयको अधिकार दिने, संयुक्त राष्ट्रसंघको पर्यवेक्षणमा जनमत संग्रह गर्नुपर्ने प्रमुख थिए । सुरुका दिनमा भारतका शासक बर्गले राष्ट्रसंघको सबै प्रस्ताव स्वीकार गरे पनि पछि पछि भारतले आफ्ना प्रतिबद्धता आफैले इन्कार गर्दै जम्मु-कश्मीरलाई भारतको अभिन्न अंगका रूपमा वर्णन गर्न थालेको देखिन्छ ।

बढ्दो कश्मीरी विद्रोह

राष्ट्रसंघको प्रस्तावलाई स्वीकार गरेर पनि अमल नगरेको कारण विवाद बढ्दै गयो । कश्मीरी विद्रोह तीव्र बन्दै गयो । सन् १९८९ मा कश्मीरीले आत्मनिर्णयको अधिकार पाउनैपर्छ भन्ने संघर्षलाई तीव्र बनाएर भारतलाई चेतावनी र चुनौती दुबै दिनथालेका थिए । कश्मीरी विद्रोहको जनवरी १९८९ देखि सेप्टेम्बर २०१८ को अवधिमा भारतले अमानवीय सैनिक कारवाही गरिरहयो । भारतीय सेनाले ९५,१२९ कश्मीरीलाई मार्‍यो, २२,८८२ महिला विधवा बने । १,०७,७२३ बालबालिका अनाथ हुनपुगे । ११,०८२ महिलामाथि भारतीय सैनिकले यौन हिंसा गरे । ८ हजारभन्दा बढी युवाहरु पक्राउ परे, बेपत्ता पारिएको तथ्याङ् कहरु सार्वजनिक भएका देखिन्छन् । कश्मीरमा आत्मनिर्णयको आन्दोलन रोकिएको छैन । सन २००८ मा भयानक जनविद्रोह भएको थियो भने ८ जुलाई २०१६ मा युवा लोकप्रिय कश्मीरी नेता बरहान मुजफ्र वानी को हत्या गरिएको थियो । यो हत्यापछि आन्दोलन अझ उग्र हुनपुगेको थियो । भारतीय सेनाले आजाद कश्मीरी आन्दोलनकारीमाथि पेलेट गन प्रयोग गरेर हजारौलाई मारेको, घाइते बनाएको, अन्ध अपाङ्ग पारेको रिपोर्टहरु सार्वजनिक भएका थिए ।

भारतले आज पनि कश्मीरी आन्दोलनकारीहरूलाई आतंककारीको आरोपमा दमन गरिरहेको छ । स्वतन्त्रता सेनानीहरु कश्मीरलाई स्वतन्त्र बनाएरै छाड्न दत्तचित्त भएर लडिरहेका छन् । भारतले जतिसुकै दमन गरे पनि आन्दोलन रोकिएको अवस्था छैन । भारतको मनसाय सिङ्गो कश्मीरलाई भारतमा विलय गराउने र मुस्लिम जनसांख्यिक संरचना परिवर्तन गर्ने रणनीति अपनाइरहेको देखिन्छ ।

भारतले संविधानको धारा ३७० र ३५ ए हटाउने, भारतीय नागरिकलाई जम्मु कश्मीरमा बसोबासको अधिकार दिने, पाकिस्तानले कश्मीरी जनताको स्वतन्त्रताको अधिकारको समर्थन र सहयोग गर्दै आएको छ । यसका लागि भारतीय संविधानका धारा ३७० र ३५-ए हटाउने, भारतीय नागरिकलाई जम्मु-कश्मीरमा बसोबासको अधिकार दिने तथा जनसांख्यिक संरचना परिवर्तन गर्न राज्यका अनेक सुरक्षा निकायको प्रयोग गरेर कश्मीरीहरूलाई दबाब बढाउँदै लगेको छ । पाकिस्तानले कश्मीर जनताको स्वतन्त्रताको चाहनाको समर्थन र सहयोग गर्दै आएको छ । कश्मीरको विवादको शान्तिपूर्ण समाधानले दक्षिण एसियामा दिगो शान्ति सम्भव छ भन्ने पाकिस्तानको दृढ विश्वास छ । पाकिस्तानले भारतको तीव्र दबाब, सैन्य र कूटनीतिक रणनीतिक साजिस झेल्दै आए पनि कश्मीरका मुद्दामा पाकिस्तानले समर्थन कायम राख्दै आएको छ ।

केही सकारात्मक घटनाक्रम : १९ जनवरी २०१७ मा बेलायती संसदमा कश्मीरबारे गम्भीर बहस भयो । १८ जुलाई २०१८ मा युरोपेली संसदले कश्मीरको इतिहास र संयुक्त राष्ट्रसंघीय प्रस्तावहरूबारे दस्तावेज नै जारी गर्यो । बेलायती संसदको सर्वदलीय कश्मीर समूहले कश्मीर स्थितिबारे अनुसन्धान अघि बढायो ।

१४ जुन २०१८ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तले कश्मीरको चिन्ताजनक मानवअधिकार विषयबारे प्रतिवेदन सार्वजनिक गरे । कश्मीर ह्यूमन राइट रिपोर्टका अनुसार १९८९ दखि २०२६ सम्म पक्राउ गरेर ७४२१ मारिए, ९५०१५१ लाई संघातिक रूपमा पिटियो, यातना दिइयो । ४५९२ जनालाई पेलेट गनले घाइते बनाइयो, जसमा १३९ जनाले आँखा गुमाए । १८४६७५ जनालाई जबरजस्ती पक्राउ गरेर थुनियो, २२९९७ विधवा बने, १०८०१५ बालबालिका सहारावीहीन बने ।

यो देखेर मानवअधिकारको अवस्थाबारे चिलीका राष्ट्रपतिबाट चिन्ता व्यक्त भयो ।

सन २०२६ मे १ मा राष्ट्रसंघ मानवाधिकार आयोगले प्रस्ताव नै पारित गरेर चिन्ता व्यक्त गरेको छ भने जुन १८ मा विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले सामुहिक बक्तव्य नै प्रकाशित गरेर कश्मीरीमाथि भएको भारतीय सैनिक अतिवादको निन्दा गरेका छन् ।१८ जुन २०२६ मा एमनेस्टीको चिन्ता सार्वजनिक भएको थियो भने २३ जुलाई २०२६ मा एसओएस टर्चर नेटवर्कले गम्भीर चासो प्रकट गरेको छ । जुलाई २४ २०२६ मा इन्टरनेशनल फेडरेशन अफ जोर्नालिस्टस्ले भारतको ज्यादती असह्य भएको वक्तव्य प्रकाशित गरेको थियो । अनेक अर्न्ताष्ट्रिय संस्था, व्यक्ति, आयोगबाट निरन्तर कश्मीरको समस्याको समाधान खोजिनुपर्ने माग भइरहेको छ । विश्वप्रशिद्ध सञ्चारमाध्यम अलजजिरा, इस्लामीसिटी, श्रीलंकन गार्जियन, मिडिल इस्ट आई, टीआरटी वर्ल्डहरुले पनि समय समयमा कश्मीर समस्या समाधान किन हुन सकने भनेर विश्वको ध्यान आकृष्ठ गरिरहेका छन् ।

कश्मीरी र विश्वभरिका शान्तिप्रेमीहरुले कश्मीर समस्याको समाधान हुनुपर्छ भनेर अक्टोबर २७ लाई "कालो दिवस" का रूपमा मनाउने निरन्तरता कायम छ । कालो दिवस मनाउनुको अन्तर्य संयुक्त राष्ट्रसंघीय प्रस्ताव तथा जम्मु-कश्मीरका जनताको चाहनाअनुसार कश्मीर विवाद समाधान गर्न विश्व समुदायलाई आफ्नो जिम्मेवारी सम्झाउनु हो । अटेर गर्ने भारतलाई जिम्मेवारी वोध गराउनु हो । कालो दिन मनाउनुको अर्को अर्थ कश्मीरी जनताले आत्मनिर्णयको अधिकार प्राप्त नभएसम्म संघर्ष जारी राख्ने सन्देश दिनु पनि हो ।

भारत स्वार्थको निमा परेको छ, निदाएको बहाना गरिरहेको छ । वास्तवमा सुतेकालाई ब्यूँझाउन सकिन्छ, तर ब्यूँझिएर पनि आँखा चिम्लनेलाई जगाउन अत्यन्त कठिन हुन्छ ।

कश्मीरी आवाज छ- ब्लड क्यानट वास अवे तज क्वेस्ट फर फ्रिडम । २७ अक्टोवर, अ डेट कार्भड इन पेन एण्ड ब्लड । २७ अक्टोबर ब्ल्याक डे, द डे- दी ट्रुप्स ल्याण्डेड । २७ अक्टोबर कश्मीर ब्लिड्सं इण्ड दी इण्डियन इलिगल अकुपेसन नाउ ।

विश्वभरि उठेको एउटै प्रश्न छ- कश्मीरीले आफ्नो आत्मनिर्णय गर्ने अधिकार कहिले पाउँछन् ?

नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतले आफ्नो नक्सामा मिलाइसक्यो । ७ सयभन्दा बढी खुलासीमामा भारतले अतिक्रमण गरिरहेको छ । प्रत्येक नेपालीका लागि नेपालले कश्मीरजस्तो रगतको आँसु रूनु नपरोस् भनेर सचेत हुनु थप जरूरी भएको छ ।



पढथ्यौ हाम्री बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

पत्रकारहरूको कलम बन्द गराउने षड्यन्त्र सरकारकै लागि भारी पर्न सक्ने ?

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको बलमा २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएर २०८२ चैत्र १३ गते बालेन सरकार गठन भएको दिनको मन्त्रिपरिषद्को पहिलो बैठकमै पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेको अध्यक्ष केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णय गरेर बालेन सरकार प्रतिशोधको राजनीतिमा उत्रिएकोमा सो कार्य अहिलेसम्म जारी रहेको छ । बालेन सरकार गठन भएको ७ महिनाभित्रमा पटक पटक पत्रकारहरूलाई पक्राउ गरेर पत्रकारहरूको मुख र कलम बन्द गराउने कार्यमा सरकार सक्रिय भएको छ ।

२०७२ सालमा संविधानसभाद्वारा निर्माण गरिएको संविधानमा पूर्ण प्रेस स्वतन्त्रता रहने व्यवस्था संविधानले नै ग्यारेन्टी गरेपनि बालेन सरकारले पटक-पटक पत्रकारहरूलाई पक्राउ गर्ने र सञ्चारगृहका समाचार कक्षमै पुगेर प्रहरीले पत्रकारहरूलाई नियन्त्रण गर्ने कार्य अहिलेसम्मै जारी राखेको छ । बालेन सरकारले गर्ने हरेक निर्णयहरू विवादको घेरामा पर्ने गरेका र पत्रकारहरूले त्यसको विरोध गर्दै समाचार प्रकाशित र प्रसारित गर्दै आएकोमा उनीहरूलाई तर्साएर पार्टीगत र व्यक्तिगत स्वार्थ पूरा गर्न सरकार लागि परेको छ । समाचारका विषयमा चित्त नबुझेमा प्रेस काउन्सिल नेपालमार्फत निरुपण गर्ने ठाउँ हुँदाहुँदै पत्रकारहरूलाई धरपडक गर्नु संविधानको ठाडो उल्लंघन हो । संविधानले नै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको भएपनि त्यसलाई बालेन सरकारले स्वीकार गर्न सकिरहेको जस्तो उसको व्यवहारले देखाएको छैन । केही समय पहिला पत्रकार किशोर श्रेष्ठलाई कार्यालयबाटै विनापुर्जी पक्राउ गरी केही दिन प्रहरीको हिरासतमा राखियो त्यस विषयलाई लिएर व्यापक विरोध भयो तर सरकारले नत मुद्दा नै चलाउने सक्यो नत गल्ती भएको महसुस नै गऱ्यो । अहिले फेरी समाचार लेखेकै भरमा पत्रकारहरूलाई पक्राउ गर्ने सञ्चार गृहमा प्रहरी पठाएर पत्रकारहरूलाई तर्साउने, पक्राउ गर्ने तर पक्राउ पुर्जी समेत नदिने र पक्राउ गर्नुको कारण समेत नदिने सरकारको रवैयाले गर्दा सञ्चार जगत र सञ्चारगृह आतंकित भएका छन् ।

पछिल्लो समयमा कार्तिक १३ गते नेपाल प्रेस अनलाइनमा कार्यरत पत्रकार विश्वमणि सुवेदीलाई कार्यालयबाटै पक्राउ गरी साइबर ब्यूरोमा पुऱ्याइयो भने नयाँ पत्रिका र दियो पोष्ट अनलाइन कार्यालयमा प्रहरी पुगेर सञ्चारगृहलाई तर्साउने कार्य भयो । त्यस्तो गैरकानुनी कार्यको प्रायः सबै राजनीतिक दल, सघ संगठन तथा नेपाल पत्रकार महासँघ, प्रेस काउन्सिल नेपाललगायतले व्यापक विरोध गरेपछि पक्राउ गरिएको सुवेदीलाई रिहा गरियो भने विभिन्न सञ्चार गृहमा पुगेका प्रहरीहरूलाई फिर्ता बोलाउन बालेन सरकार बाध्य भयो । पत्रकारहरूलाई समाचार लेखेकै आधारमा पक्राउ गर्नु गैरकानुनी रहेको सर्बोच्च अदालतले समेत ठहर गरिसकेको अवस्थामा पत्रकारहरूको कलम बन्द गरेर आफ्नो कुकृत्यको भण्डाफोर हुनबाट जोगिनैका लागि उनीहरूलाई पक्राउ गर्न सञ्चारगृहमा पुगेर तर्साउने, धम्क्याउने कार्य तत्काल बन्द गरी स्वतन्त्रतापूर्वक पत्रकारहरूलाई काम गर्न दिनुपर्दछ ।

संविधानले दिएको अधिकार खोस्न पाउने अधिकार बालेन सरकारलाई छैन । संविधान भनेको मुलुकको मूल कानुन हो । त्यही कानुनअनुसार बालेन प्रधानमन्त्री बनेका हुन्, त्यही संविधान अनुसार मुलुक सञ्चालित भएको छ भने सरकारका काम कारबाहीका विषयमा सञ्चारमाध्यममा समाचार प्रकाशित प्रसारित हुँदै आएकोमा पहिला निजी क्षेत्रका सञ्चारमाध्यमलाई सरकारी विज्ञापन बन्द गर्ने निर्णय गरियो । त्यसपछि लोककल्याणकारी विज्ञापन प्रकाशित गरेबापत् दिइने रकम कटौती गरियो । तर यी सबै सरकारी निर्णयहरू अदालतद्वारा बदर गरिएपछि पछिल्लो समयमा सरकार पत्रकारहरूलाई पक्राउ गरि तर्साउने कार्यमा लागेको छ । त्यसको व्यापाक जनदवाव र प्राय सबै राजनीतिक दलहरूको विरोधपछि सरकार पछि हट्न बाध्य भएको छ । तर अहिलेकै अवस्थामा सरकारले फेरी पछि त्यस्तो कार्य नगर्ला भनेर विश्वास गरिहाल्ने आधार भने देखिएको छैन । उसको कार्यशैली र व्यवहारबाट ।

कानुनी राज्यमा कानुन सबैको लागि बराबरी भन्ने सिद्धान्त लागु हुनैपर्दछ । २०८२ भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शनमा सहभागि भएका र भाद्र २४ गतेको विध्वसात्मक कार्यमा सहभागि भएकाहरू प्रायः सबै रास्वपामा प्रवेश गराइएका र उनीहरू र बालेन साह सहितका व्यक्तिहरूलाई निर्वाचनको बेला रास्वपाले टिकट दिएर संसदको निर्वाचनमा पठाइएको हुनाले उनीहरू निर्वाचित भएका हुन् । अहिले उनीहरू नै सत्तामा रहेका र सरकारको नेतृत्व पनि उनीहरूले नै गरेका हुनाले कतै २०८२ भाद्र २३ र २४ गतेको घटनाको वास्तविकता, सञ्चारमाध्यम र पत्रकारहरूले जनतासामू ल्याईदिन्छन् कि भन्ने डरले गर्दा बालेन सरकार सञ्चार माध्यम र पत्रकारहरूको कलम बन्द गराउने कार्यमा सक्रिय भएको जस्तो देखिन्छ । तर नेपालमा सञ्चारमाध्यम र पत्रकारहरूले विगतदेखि नै कठिनाई भोग्दै आएका हुनाले बालेन सरकारले जतिसुकै आर्थिक नाकाबन्दी र पक्राउ गरेपनि पत्रकारहरूको कलम राकिने अवस्थामा छैन । बरु उल्टो कलम अझ बलियो बन्ने निश्चित जस्तै रहेकाले बालेन सरकारलाई हेक्का होस् पत्रकारहरूका कलम बन्द गर्ने प्रयास गरेपनि त्यस्तो कार्य बालेन सरकारकै लागि भारी पर्न सक्छ । तर पत्रकारहरूका कलम बन्द हुँदैनन् भन्ने विश्वास हामी सम्पूर्ण नेपाली जनतालाई विश्वास दिलाउन चाहान्छौं त्यसैले कलम बन्द गराउने दुष्प्रयास तत्काल बन्द गरी स्वतन्त्रतापूर्वक पत्रकारलाई लेख्ने सञ्चारमाध्यममा प्रकाशित/प्रसारित गर्ने वातावरण सिर्जना गर्न सरकारसँग पुन आग्रह गर्दछौं ।

अनुसन्धानमा पासवर्ड खुलाउन बाध्य पारिनु कति संवैधानिक ?

विवेक चौधरी

अपराध अनुसन्धान राज्यको कानुनी दायित्व हो । जसमा तथ्य पत्ता लगाउने, प्रमाण संकलन गर्ने, कसुरदार पहिचान गर्ने र अभियोजन अगाडि बढाउने कार्य पर्छ । मोबाइल फोन, ल्यापटप, सामाजिक सञ्जाल र विद्युतीय वालेट महत्त्वपूर्ण प्रमाण बनेकाले यस्ता उपकरणको कानुनबमोजिम खानतलासी, बरामद र परीक्षण राज्यको वैध चासो हो । तर अनुसन्धान गर्ने अधिकार भए पनि सबै उपाय स्वतः कानुनसम्मत हुँदैनन् । विधि, संविधान र प्रचलित कानुनको अधीनमा रहनुपर्छ । अभियुक्तलाई मोबाइलको पासवर्ड वा विद्युतीय खाताको गोप्य विवरण खुलाउन बाध्य पार्नु प्राविधिक विषय मात्र होइन, आत्मदोषारोपणविरूद्धको मौलिक अधिकारसँग पनि जोडिन्छ।

नेपालको संविधानको धारा २० (७) अनुसार कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन बाध्य पारिँदैन । यसको अर्थ, अभियुक्तले हरेक प्रश्नको उत्तर दिन इन्कार गर्न सक्छ वा राज्यले विद्युतीय प्रमाण संकलन गर्ने पाउँदैन भन्ने होइन । तर व्यक्तिगत ज्ञान वा मानसिक जानकारी प्रकट गराएर उसैविरूद्ध प्रमाण लिन खोजिएमा धारा २० (७) को दायरा गम्भीरतापूर्वक विचार गरिनुपर्छ । त्यसैले पासवर्ड मागिएका सबै अवस्थालाई एउटै दृष्टिले नहेरी पासवर्ड माग्नु र खुलाउन बाध्य पार्नुबीचको भिन्नता छुट्याएर संवैधानिक परीक्षण गर्न आवश्यक छ।

मोबाइलको पासवर्ड : प्राविधिक संकेत कि व्यक्तिगत ज्ञानको अभिव्यक्ति?

बाहिरबाट हेर्दा पासवर्ड अक्षर, अंक वा संकेतको संयोजन मात्र देखिए पनि कानुनी दृष्टिले यसलाई खुलाउन लगाउँदा कहिले उपकरण खोल्ने प्राविधिक प्रक्रिया मात्र पूरा हुन्छ, कहिले अभियुक्तलाई आफ्नो मानसिक जानकारी वा खातामा नियन्त्रणबारे बताउन बाध्य पारिन्छ । यस्तो जानकारी उसैविरूद्ध प्रमाणको कडी बन्न सक्ने भए सामान्य भौतिक प्रमाणसरह मानेर संवैधानिक प्रश्नलाई बेवास्ता गर्न मिल्दैन । त्यसैले मुख्य प्रश्न पासवर्ड गोप्य छ कि छैन भन्ने होइन, खुलाउँदा अभियुक्तले व्यक्तिगत ज्ञान प्रकट गर्नुपर्छ कि पर्दैन, त्यसले उसलाई कुनै तथ्यसँग जोड्छ कि जोड्दैन र प्राप्त जानकारी उसैविरूद्ध प्रयोग हुन सक्छ कि सक्दैन भन्ने हो । आफ्नो ज्ञान प्रयोग गरी आफैंविरूद्ध प्रमाण जुटाउन बाध्य पारिएमा आत्मदोषारोपणविरूद्धको अधिकारको प्रश्न गम्भीर बन्छ । त्यसैले पासवर्डलाई सधैं भौतिक वस्तु वा औंठाछापजस्तै मानिनु हुँदैन।

पासवर्ड खुलाउन लगाउनु र मोबाइल फोन बरामद गरी प्राविधिक परीक्षण गर्नु फरक कार्य हुन सक्छन् । यस्तै, कुन सिद्धान्त लागू हुने भन्ने कुरा तथ्य, बाध्यताको प्रकृति र लागू कानूनमा भर पर्छ । यस विषयमा संकेत भद्रेश मोदीविरूद्ध सीबीआई मुद्दामा १८ डिसेम्बर २०२३ मा दिल्ली उच्च अदालतको आदेश महत्त्वपूर्ण छ । पासवर्ड नदिनुलाई असहयोग गरेको भनेर प्रस्तुत गरिएकामा अदालतले भारतीय संविधानको धारा २०(३) का आधारमा परिस्थितिअनुसार पासवर्ड खुलाउन बाध्य पार्न नसकिने ठहर गऱ्यो । आदेशको मूल महत्त्व अनुसन्धानमा सहभागी हुनुपर्ने अपेक्षा र आफैंविरूद्ध प्रमाण दिन बाध्य नपारिने संवैधानिक सीमाबीचको भिन्नतामा छ।

सन्तोष फाफटविरूद्ध महाराष्ट्र राज्यको सिद्धान्त तथा संकेत भद्रेश मोदीविरूद्ध सीबीआई मुद्दाका आदेशले अभियुक्तले स्वीकार नगरेकै आधारमा अनुसन्धानमा असहयोग ठहर गर्न नमिल्ने भनेका छन् । तर प्रमाण नष्ट गर्ने, झूटो सूचना दिने वा अनुसन्धानमा वास्तविक अवरोध पुऱ्याउने कार्य भएमा त्यसको छुट्टै कानुनी मूल्यांकन हुनुपर्छ भनिएको छ।

अनुसन्धानको संवैधानिक सीमा

भारतको सर्वोच्च अदालतको संविधानपीठले दिएको सेल्वीविरूद्ध कर्नाटक राज्य मुद्दा आत्मदोषारोपणविरूद्धको अधिकारसम्बन्धी महत्त्वपूर्ण नजिर हो । यसमा नार्को विश्लेषण, पोलिग्राफ र मस्तिष्कको विद्युतीय प्रतिक्रियासम्बन्धी परीक्षण व्यक्तिको इच्छाविरूद्ध गर्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न उठेको थियो । अदालतले धारा २०(३) को संरक्षणलाई अदालतमा बयान दिँदाको अवस्थामा मात्र सीमित नगरी अनुसन्धानको चरणमा जबर्जस्ती लिइने व्यक्तिगत साक्ष्यसम्म विस्तार गऱ्यो । साथै व्यक्तिको व्यक्तिगत ज्ञानबाट प्राप्त साक्ष्य र सामान्य भौतिक प्रमाण संकलनबीच भिन्नता छुट्याउँदै, बाध्यतापूर्वक लिइएको साक्ष्यले व्यक्तिलाई अपराधसँग जोड्न वा प्रमाणको कडी बन्न सक्छ भने त्यसको संवैधानिक परीक्षण आवश्यक हुने सिद्धान्त प्रतिपादन गऱ्यो।

सेल्वी मुद्दाले मोबाइलको पासवर्डको प्रश्न प्रत्यक्ष रूपमा निर्णय गरेको थिएन तर यसको सिद्धान्त विद्युतीय पासवर्डको विवादमा उपयोगी हुन सक्छ । पासवर्ड खुलाउँदा अभियुक्तले आफूलाई कुनै खातासँग जोड्ने, त्यसको नियन्त्रण स्वीकार गर्ने वा आफूविरूद्ध प्रयोग हुन सक्ने प्रमाणसम्म पुऱ्याउने



जानकारी दिनुपर्ने भए आत्मदोषारोपणको प्रश्न उठ्न सक्छ । तर सबै पासवर्ड खुलासा स्वतः आत्मदोषारोपण हुन्छ भन्न मिल्दैन, पासवर्डको प्रकृति, मागको उद्देश्य, बाध्यताको स्वरूप र प्राप्त जानकारीको कानुनी महत्त्व पनि हेर्नुपर्छ । यसले अनुसन्धानको वैध अधिकारलाई निषेध नगरी मौलिक अधिकारको संरक्षणमा जोड दिन्छ।

धारा २० (७) को व्याख्या

नेपालको संविधानको धारा २०(७) ले कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन बाध्य पार्न नपाइने व्यवस्था गरेको छ । यहाँ 'साक्षी हुनु' शब्दावलीलाई अदालतमा उभिएर मौखिक बयान दिनेसम्म मात्र सीमित गर्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न महत्त्वपूर्ण छ । व्यक्तिलाई आफ्नो व्यक्तिगत ज्ञान वा जानकारी खुलाउन बाध्य पारेर उसैविरूद्ध प्रमाण संकलन गरिन्छ भने यसले आत्मदोषारोपणविरूद्धको अधिकारको सारलाई प्रभावित गर्न सक्छ । त्यसैले संविधानको उद्देश्य प्रभावकारी हुने गरी यो प्रावधानको व्याख्या गर्नुपर्ने तर्क गर्न सकिन्छ।

अनुसन्धानका क्रममा प्रहरीले कानुनी अधिकार प्रयोग गरी प्रमाण संकलन गर्नु र अभियुक्तलाई आफैंविरूद्ध साक्ष्य दिन बाध्य पार्नु फरक कुरा हुन् । मोबाइल फोन बरामद गर्ने, खानतलासी गर्ने वा विद्युतीय प्रमाणको प्राविधिक परीक्षण गर्ने कार्यको वैधता विद्यमान कानुन र प्रक्रियाका आधारमा हेरिन्छ । तर पासवर्ड खुलाउन बाध्य पार्दा व्यक्तिगत ज्ञानको अभिव्यक्ति हुन सक्ने भएकाले त्यसको संवैधानिक वैधता छुट्टै परीक्षणको विषय हुन्छ । भारतीय संविधानको धारा २०(३) र नेपालको धारा २०(७) बीच आत्मदोषारोपणविरूद्धको संरक्षणमा समानता भए पनि भारतमा विकसित हरेक व्याख्या नेपालमा स्वतः लागू हुँदैन । निष्कर्ष नेपालको संवैधानिक पाठ, कानुन, अदालतका नजिर र अनुसन्धान प्रक्रियाका आधारमा निकाल्नुपर्छ । भारतीय आदेशलाई नेपालको संविधानको प्रत्यक्ष व्याख्याका रूपमा होइन, तुलनात्मक न्यायिक सामग्रीका रूपमा प्रयोग गर्नु उचित हुन्छ।

पासवर्ड माग्नु र खुलाउन बाध्य पार्नुबीचको भिन्नता

यस विषयमा कानुनी बहस गर्दा अनुसन्धानकर्ताले पासवर्ड मागेको तथ्य मात्रले संविधान उल्लंघन भएको निष्कर्ष निकाल्नु पर्याप्त हुँदैन । कुनै अनुसन्धानकर्ताले कानुनबमोजिम अनुरोध गर्नु, कुनै व्यक्तिले स्वेच्छाले जानकारी दिनु, कानुनले अधिकार दिएको अवस्थामा न्यायिक आदेश वा अन्य वैध प्रक्रियामार्फत विद्युतीय सामग्रीमा पहुँच प्राप्त गर्नु र अभियुक्तलाई धम्की, अनुचित दबाब वा अन्य बाध्यकारी उपायबाट पासवर्ड खुलाउन लगाउनु फरक अवस्था हुन् । पासवर्ड नदिएमा गैरकानुनी परिणाम भोग्नुपर्ने धम्की अभियुक्तलाई दिइन्छ, संवैधानिक अधिकार प्रयोग गरेको कारण मात्र अनुसन्धानमा असहयोग गरेको आरोप लगाइन्छ वा उसलाई आफ्नो व्यक्तिगत ज्ञान प्रयोग गरेर आफूविरूद्ध प्रमाण उपलब्ध गराउन बाध्य पारिन्छ भने धारा २० (७) को प्रश्न गम्भीर हुन्छ।

तर कुनै उपकरणको पहुँच प्राप्त गर्न अनुसन्धान निकायले अपनाएको प्रत्येक वैधानिक विधि आत्मदोषारोपणविरूद्धको अधिकारविपरीत हुन्छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन । यसैले राज्यको अनुसन्धान अधिकार र व्यक्तिको संवैधानिक अधिकारबीचको द्वन्द्वलाई कुनै एक पक्षलाई पूर्ण प्राथमिकता दिएर होइन, कानुन, बाध्यताको प्रकृति, प्राप्त गर्न खोजिएको प्रमाण र संवैधानिक संरक्षणको उद्देश्यका आधारमा समाधान गर्नुपर्छ । पासवर्ड खुलाउन बाध्य पारिएको अवस्थामा अदालतले सो कार्य वास्तवमै व्यक्तिको ज्ञानमा आधारित साक्ष्य उपलब्ध गराउन लगाइएको हो कि होइन भन्ने परीक्षण गर्नु आवश्यक हुन्छ।

नेपालको संविधानको धारा २० (७) को सन्दर्भमा पासवर्ड खुलाउन गरिएको माग स्वैच्छिक थियो वा बाध्यकारी, त्यसले अभियुक्तलाई आफ्नै व्यक्तिगत ज्ञानबाट आफैंविरूद्ध प्रमाण दिन बाध्य पार्छ कि पार्दैन र अनुसन्धानमा वास्तविक अवरोध थियो कि थिएन भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ । सेल्वीविरूद्ध कर्नाटक राज्यको सिद्धान्तले पनि बाध्यकारी रूपमा व्यक्तिगत साक्ष्य लिनुको संवैधानिक वैधता परीक्षण गर्नुपर्ने देखाउँछ । यद्यपि आत्मदोषारोपणविरूद्धको अधिकार विद्युतीय प्रमाणको अनुसन्धानबाट पूर्ण उन्मुक्ति होइन । उपकरण परीक्षण गर्नु, तेस्रो पक्षबाट अभिलेख लिनु र अभियुक्तलाई व्यक्तिगत ज्ञान प्रकट गर्न बाध्य पार्नु फरक अवस्था हुन् । भारतीय न्यायिक सिद्धान्त नेपालको धारा २० (७) को व्याख्याका लागि तुलनात्मक आधार बन्न सक्छन् । अनुसन्धान प्रभावकारी हुनुपर्छ तर मौलिक अधिकारभन्दा माथि होइन। *-कान्तिपुर*

सरकारको विषयान्तर र बिचौलियाको खेल

अर्जुननरसिंह केसी

नेपाली राजनीतिक वृत्तमा हाल देखिएका घटनाक्रम, विभिन्न छानबिन प्रक्रिया र राज्यका प्रमुख अंगहरूको कार्यशैलीले आमनागरिकका मनमा गम्भीर अविश्वास र अनेकौँ प्रश्न उब्जाएका छन् । विशेषगरी, सुशासनको प्रतिबद्धता र विश्वास दिएर अत्यधिक बहुमत प्राप्त सरकारले जटिल मुद्दालाई इमानदारीपूर्वक सत्यतथ्यको आधारमा न्यायोचित तरिकाले सुल्झाउनुको सट्टा तिनलाई विषयान्तर गर्ने, जनतामा भ्रम फैलाउने प्रवृत्ति निरन्तर मौलाउँदै आएको छ ।

पछिल्लो समय 'काम कुरो एकातिर, कुम्लो बोकी कतातिर ?' भनेझैं राजनीतिक दलभित्रको आधिकारिकता विवाद, संवैधानिक स्वतन्त्रतामाथि नांगो आक्रमण गर्दै पत्रकारको धरपकड, प्रेस स्वतन्त्रतामाथिको निरंकुश दमन वा विभिन्न काण्डमा बिचौलियासँगको लेनदेनका गम्भीर आरोपले सत्ता सञ्चालक नेतृत्वपंक्ति आफ्ना आन्तरिक कमजोरी, प्रशासनिक असफलता र दोहोरो चरित्र ढाकछोप गर्न नियोजित रूपमा जनमतलाई दिग्भ्रमित पार्न उद्यत रहेको देखाउँछन् । यसका लागि उनीहरु सत्ताको सामीप्यमा रहेका र निर्वाचन परिचालनमा सक्रिय रहेका, कानुनले नचिनेका, अदृश्य तर सत्ताले अभयदान दिएर छाडा छाडेका शक्तिशाली बिचौलियाको सहारा लिइरहेका छन् । दुई दिनसम्म प्रधानमन्त्रीको सल्लाहकारकहाँ बिचौलियाको मोबाइल गायब भएको चर्चाले कतै बनिबनाउ योजनाभित्रैबाट प्रतिपक्ष र जनप्रिय नेताहरूको तेजोबध गर्ने दुस्साहस र षड्यन्त्र भइरहेको त छैन भन्ने प्रश्न उठाएको छ । मूल प्रश्नबाट ध्यान मोड्ने प्रयास : लोकतान्त्रिक व्यवस्थामा पारदर्शी छानबिन, विधिको शासन र जवाफदेहिता अनिवार्य सर्त हुन् । तर, नेपालको सन्दर्भमा जब कुनै ठुला वैचारिक वा संस्थागत विवाद बाहिर आउँछ, तिनको निष्पक्ष समाधान खोज्नुको सट्टा राज्यका निकाय र सत्ताधारीले नियोजित ढंगले मुद्दालाई मोड्ने र दोषारोपणको खेल खेल्ने प्रवृत्ति मौलाएका छन् ।

जनताको वास्तविक चासो सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त शासन प्रणाली हो । देशमा व्याप्त आर्थिक संकट, महँगी, बेरोजगारी, बाढी-पहिरोबाट प्रभावित तथा सरकारले बस्ती उठाएर अलपत्र पारेका सुकुम्बासी र युवाको पलायनले आमनागरिकको जीवन अस्तव्यस्त बनेको छ । तर, जनताको यो ध्यानाकर्षणलाई कमजोर पार्न र आफ्ना असफलता लुकाउन अनावश्यक र कृत्रिम विषय उछाल्ने प्रवृत्ति मौलाएको छ । छानबिनको उद्देश्य कहिल्यै प्रतिशोध साँध्ने, पूर्वाग्रह राख्ने वा कसैलाई राजनीतिक रूपमा खुसी पार्ने हुनुहुँदैन । छानबिनको एक मात्र ध्येय सत्यतथ्यको पहिचान, न्यायको पूर्ण सुनिश्चितता र दोषीलाई कानुनी कठघरामा उभ्याउनु हो । दुर्भाग्यवश, आज छानबिन संयन्त्रलाई नै सत्ताका निहित स्वार्थपूर्तिका लागि षड् यन्त्रको हतियार बनाउन खोजिएको हो कि भन्ने गम्भीर आशंका छ ।

बिचौलियाराज र कानुनको उपेक्षा : नेपाली राजनीति र प्रशासनिक संयन्त्रको सबैभन्दा ठुलो विडम्बना नीतिनिर्माता र सत्ताकेन्द्रवरपर बिचौलियाको बाक्लो चलखेल हो । राज्यका हरेक निर्णय, नियुक्ति र राजनीतिक विवादमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यिनैको प्रभाव देखिन्छ । जब राजनीतिक नेतृत्व अप्ठ्यारोमा पर्छ, तिनै बिचौलियालाई प्रयोग गरेर सत्ता परिवर्तनदेखि जनमतलाई अन्यत्र मोड्ने खतरनाक खेल खेलिन्छ । हाल प्रधानमन्त्रीको सचिवालय, सर्वोच्च अदालतका न्यायाधीश र सुरक्षा निकायका उच्च अधिकारीसमेत मुछिएको यो मामिला समयमै निराकरण गरिएन भने आमजनताको विश्वास र भरोसा टुट्ने र यसले झन् भयावह रूप लिने निश्चित छ ।

राज्यको परिधि र कानुनी दायराभित्र कोही पनि व्यक्ति वा समूह नियमनभन्दा माथि हुन सक्दैनन् । तर, आज तिनै बिचौलिया कानुन निर्माताभन्दा 'शक्तिशाली' देखिन थालेका छन् । सर्वोच्च न्याय निरूपणस्थलदेखि प्रशासनिक निर्णयमा बिचौलियाको लेनदेनको कुरा आउनु र त्यसलाई मुख्य मुद्दा बनाइनुले यही यथार्थलाई उजागर गर्छ कि राजनीतिक नेतृत्वले आफ्ना कमजोरी लुकाउन यस्ता पात्रको भरपूर प्रयोग गर्दै छ । जबसम्म यी स्वार्थ समूहको जालो तोडिन्न, तबसम्म न्याय र सुशासन असम्भव छ ।

सेटिङ, बार्गेनिङ र चिटिङको दुश्चक्र : हाल सार्वजनिक भएका घटनाक्रमले नेपालको समग्र राज्य प्रणाली (कार्यपालिका, न्यायपालिका र सुरक्षा निकाय) गम्भीर रूपमा पतनको दिशामा उन्मुख रहेको देखाउँछ । यसलाई सामान्य राजनीतिक उतारचढाव मात्र मान्न सकिँदैन, यो राज्यका प्रमुख अंगहरूभित्रै संस्थागत रूपमा मौलाएको खतरनाक सेटिङ, बार्गेनिङ र चिटिङको दुश्चक्र हो ।

न्यायपालिकाको साखमाथि प्रहार : न्यायको अन्तिम मन्दिर मानिने सर्वोच्च अदालतदेखि विभिन्न तहमा उच्चपदस्थ न्यायाधीश र विवादास्पद व्यक्तिबिचको अनैतिक सम्पर्क र चलखेलका समाचार बाहिरिनुले लोकतन्त्र र कानुनी राजको आधारभूत मर्मलाई नै गिज्याएको छ । कतिपय सन्दर्भमा न्यायाधीशसँग करोडौँका आर्थिक 'डिल' वा लेनदेनका गम्भीर आरोपसमेत सार्वजनिक हुनुले न्याय किनबेच हुने डरलाग्दो प्रवृत्ति उजागर गरेको छ । राजनीतिक र प्रशासनिक साँठगाँठ : नीतिनिर्माण तहमा बसेको कार्यकारी नेतृत्वले जनहितभन्दा आफ्ना स्वार्थ समूह र बिचौलियाको संरक्षण गर्नु ठुलो अपराध हो । भ्रष्टाचार र गम्भीर मुद्दाका अभियुक्तसँग नेतृत्वको सामीप्य हुनुले विधिको शासनलाई पूर्ण रूपमा उपहास गरेको छ ।

दबाब र भयको शासन : भ्रष्टाचारविरूद्धका ठुला नारा दिएर सत्तामा पुग्नेहरूसमेत आलोचकमाथि धरपकड गर्ने, प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने र भयको वातावरण सिर्जना गर्ने अभ्यासमा लागेका छन् । पारदर्शिता र सुशासनको प्रत्याभूति दिनुपर्ने राज्यसंयन्त्र असहिष्णु बन्नु स्पष्ट रूपमा अधिनायकवादी चरित्र हो । सरकारका दाउपेच र जनमतको दुरूपयोग : आफ्नो कार्यक्षमतामा देखिएका कमजोरी, सुशासन कायम गर्न नसकेको असफलता र जनअपेक्षाअनुरूप काम गर्न पूर्ण रूपमा असफल भएपछि सरकार र नेतृत्वले सधैँ दोषजति अरूको टाउकामा थुपार्ने प्रवृत्ति देखाउँदै आएका छन् । अहिले पनि सरकारले आफ्ना प्रशासनिक तथा राजनीतिक दोष छोप्नका लागि जनमतलाई पूर्ण रूपमा डाइभर्ट गर्न प्रमुख प्रतिपक्षतर्फ दोषारोपणको रणनीति अपनाएको देखिन्छ ।

यद्यपि, न्यायाधीशसँग १८ करोडको डिल भएको आरोपमा नेपाली कांग्रेस आफैँले निष्पक्ष छानबिनको जोडदार माग गरेको छ, 'प्रमाण छ भने राज्यका संयन्त्र लगाएर अनुसन्धान गर, आधारहीन आरोप र भ्रम फैलाउने काम नगर !' भन्दै कांग्रेस सभापति स्वयंले निष्पक्ष छानबिनको माग गरिरहेका छन् ।

जनतामा देखिएको आर्थिक संकट, महँगी, बेरोजगारी र भ्रष्टाचारका ज्वलन्त मुद्दाबाट ध्यान हटाउन यस्ता कृत्रिम विवाद र प्रपञ्च रचिन्छन् । जबसम्म राज्य संयन्त्रले बिचौलियाहरूको जालो तोड्न सक्दैन, तबसम्म वास्तविक सुशासन र न्यायको अनुभूति हुन सक्दैन ।

निष्पक्ष छानबिन र ठोस कारबाहीको खाँचो : आजको टड्कारो वास्तविकता के हो भने विवादित विषय, बिचौलियाको खेल वा न्यायाधीशमाथिका गम्भीर आर्थिक चलखेलका आरोपमा कार्यकारी प्रमुख वा प्रधानमन्त्रीले सामाजिक सञ्जालमा स्टाटस लेख्ने वा भाषणबाजी गर्ने परिपाटीले



मात्र सत्य बाहिर आउँदैन । प्रियतावादी भाषण होइन, विधि, पद्धति र प्रक्रियामा आधारित जनउत्तरदायी व्यावहारिकता आवश्यक छ । यस्तोमा प्रधानमन्त्रीजस्तो सर्वोच्च कार्यकारी पदमा बसेका व्यक्तिको जिम्मेवारी केवल 'स्टाटस'को सहारा लिनु शोभनीय हुँदैन अनियमितता भएको छ भने निष्पक्ष छानबिन गरेर दोषीलाई कानुनी कठघरामा उभ्याउन कसले रोकेको छ ? जनताले अब शब्दका जालझेल वा सतही स्टन्टबाजी सुन्न चाहँदैनन्, उनीहरु ठोस, प्रमाणमा आधारित र वास्तविक परिणाम चाहन्छन् । सरकारले भ्रम फैलाउने वा राजनीतिक लाभ लिनेभन्दा पनि संवैधानिक तथा अनुसन्धान संयन्त्रलाई पूर्ण स्वतन्त्रता दिनु अनिवार्य छ ।

संसद्को तत्काल आह्वान : विवादास्पद र विषयान्तर गरिएका मुद्दालाई खुला र घनीभूत ढंगले छलफल गर्न तत्काल संसद्को अधिवेशन बोलाइयोस् र छानबिन समिति गठन गरी कडा कानुनी कारबाही प्रक्रिया चलाइयोस् ।

उच्चस्तरीय न्यायिक छानबिन आयोग : पूर्वप्रधानन्यायाधीश वा राष्ट्रियस्तरमा ख्यातिप्राप्त निष्पक्ष व्यक्तित्वको संयोजनमा राजनीतिक दबाबमुक्त रही गत भदौ २४ को राष्ट्रिय विनाशको छानबिनसँगै न्यायपालिका तथा अन्य संवैधानिक अंगमाथि लागेका गम्भीर आर्थिक चलखेल र अनियमितताका आरोपमा स्वतन्त्र र पारदर्शी छानबिन सुनिश्चित गरियोस् ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान : लोकतन्त्रको अभिन्न अंग मानिने संविधानप्रदत्त प्रेस स्वतन्त्रतामाथिका सबै प्रकारका अंकुश र पत्रकार पक्राउजस्ता दमनकारी हर्कत बन्द गरी सत्यतथ्यको खोजी गरियोस् । जनताका वास्तविक समस्यामा केन्द्रित शासन : राजनीतिक प्रतिशोध र कृत्रिम विवाद सिर्जना गर्नुको सट्टा मूल्यवृद्धि, बेरोजगारी, आर्थिक मन्दी र सुशासनजस्ता जनसरोकारका मुद्दामा केन्द्रित हुनु नै सरकारको प्रमुख जिम्मेवारी र दायित्व हो ।

निष्कर्ष : देशलाई सही दिशामा अगाडि बढाउने हो भने विषयान्तर गर्ने र जनमतलाई दिग्भ्रमित पार्ने प्रपञ्चहरूको भण्डाफोर हुनु जरूरी छ । सरकारले आफ्ना दोष लुकाउन अरूलाई दोष दिएर जनताको ध्यान मोड्ने कुटिल रणनीति तत्काल बन्द गर्नुपर्छ । राज्यका अंगहरूमा देखिएका यी विकृति, विसंगति र जनविश्वासलाई लत्याएर सत्ताले प्रश्रय दिएको बिचौलियातन्त्र समयमै तोडिएन भने यो प्रणालीगत विफलताले देशलाई अपूरणीय संकटतर्फ धकेल्नेछ । तसर्थ, कुनै पनि दलीय, गुटगत वा व्यक्तिगत आग्रहभन्दा माथि उठेर राज्यका प्रमुख अंगहरूको निष्पक्ष र कठोर छानबिन हुनुपर्छ । अनावश्यक स्टाटसबाजी वा स्टन्टबाजी गरेर वा विषयलाई बंग्याएर मूल जिम्मेवारीबाट भाग्नुभन्दा चाँडो संसद् बोलाउनु अनिवार्य छ । अनियमितता र भ्रष्टाचार गर्ने छुट कसैलाई पनि छैन । तब मात्र देशमा विधिको शासन बहाल हुन सक्छ र जनताको विश्वास पुनः राज्यप्रति जागृत हुन सक्छ । सरकारका गतिविधिबाट जनतामा व्याप्त निराशा आक्रोशमा बदलिनुअगावै सरकार यतातिर गम्भीर बन्नैपर्छ । *-कान्तिपुर*



दाबीको चाप बढेपछि 'नेपाल रि'मा लगानी थप्ने सरकारको निर्णय

काठमाडौं- जेन-जी आन्दोलन, भोटेकोशी बाढीलगायतका कारण आएको उच्च पुनर्बिमा दाबीले नगद प्रवाहमै चाप सिर्जना भएपछि अन्ततः सरकार नेपाल पुनर्बिमा कम्पनीहरूमा थप लगानी गर्न तयार भएको छ ।

मंगलबारको मन्त्रिपरिषद्को बैठकले नेपाल पुनर्बिमा कम्पनीहरूमा सरकारको थप हकप्रद सेयर लगानी गर्न सहमति प्रदान गर्ने निर्णय गरेको हो । योसँगै लामो समयदेखि रोकिएको पुनर्बिमा कम्पनीहरूको पुँजीवृद्धि योजना पनि अघि बढ्ने भएको छ ।

१७ माघ ०८० मा नेपाल बिमा प्राधिकरणको सञ्चालक समितिले पुनर्बिमा कम्पनीहरूको न्यूनतम चुक्ता पुँजी १० अर्बबाट बढाएर २० अर्ब पुर्याउने निर्णय गरेको थियो । हाल नेपालमा नेपाल पुनर्बिमा र निजी लगानीको हिमालयन पुनर्बिमा गरी दुई पुनर्बिमा कम्पनी छन् ।

प्राधिकरणको सो निर्णयपछि १० अर्ब पुँजी भएको हिमालयन रिले ८० प्रतिशत हकप्रद जारी गर्ने र बाँकी पुँजी बोनस सेयरमार्फत पूरा गर्ने गरी पुँजीवृद्धिको योजना पेस गरेको थियो । १३ अर्ब ४२ करोड २१ लाख रूपैयाँ चुक्ता पुँजी भएको नेपाल रिले भने लामो समयसम्म पुँजीवृद्धिको योजना अघि बढाउन सकेको थिएन । साउन ०८२ मा कम्पनीको सञ्चालक समितिले शतप्रतिशत हकप्रद सेयर जारी गर्ने निर्णय गरेको थियो । तर, भदौ ०८२ को जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारले बजेटको अभाव देखाउँदै तत्काल सेयर लगानी नगर्ने निर्णय गरेपछि पुनर्बिमाको पुँजीवृद्धि योजना पनि रोकिएको थियो । तर, अहिले सरकारले नेपाल पुनर्बिमा सेयर लगानी गर्ने निर्णय गरेको हो ।

नेपाल रिमा अध्यक्षको समेत जिम्मेवारी पाएका अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले हाललाई चुक्ता पुँजी २० अर्ब रूपैयाँ कायम हुने गरी सेयर लगानी थप गर्ने निर्णय भएको बताए । 'मन्त्रिपरिषद् को निर्णयको पत्र आउन बाँकी छ । तर, हाललाई कम्पनीको चुक्ता पुँजी २० अर्ब पुर्याउने गरी सरकारले आफ्नो अनुपातमा लगानी थप गर्ने निर्णय भएको छ,' उनले भने, 'जेन-जी आन्दोलन, भोटेकोशी बाढीका कारण उच्च मात्रामा पुनर्बिमा दाबी आएको थियो । त्यसले कम्पनीको वित्तीय अवस्थालाई प्रभावित बनाएको थियो । अन्तर्राष्ट्रिय बजारमा कम्पनीप्रतिको दृष्टिकोण पनि राम्रो बनाउनुपर्ने आवश्यक थियो । त्यसैले पुँजीवृद्धिको योजना अघि बढाएका थियौं ।'

कम्पनीमा सरकारको ४४.०४ प्रतिशत स्वामित्व छ । सरकारले थप हुने पुँजीमा सोही अनुपातमा लगानी गर्नेछ । २३ र २४ भदौ ०८२ को जेन-जी आन्दोलनमा भएको क्षतिबाट बिमा कम्पनीहरूमा साढे २३ अर्बबराबरको दाबी परेको थियो । त्यसमा बिमा कम्पनीहरूले नेपाल रिमा करिब १६ अर्ब रूपैयाँबराबरको पुनर्बिमा दाबी गरेका छन् । तर, त्यो अझै पूर्ण रूपमा 'सेटल' हुन सकेको छैन ।

यस्तै, १० भदौको भोटेकोशीबाट बिमा कम्पनीहरूमा करिब २१ अर्ब रूपैयाँको दाबी परेको छ । त्यसबाट पनि नेपाल पुनर्बिमामा ठुलो मात्रामा पुनर्बिमा दाबी पर्दै छ । करिब २० अर्ब रूपैयाँभन्दा माथिको दाबी एकैचोटि गर्दा कम्पनीहरूको वित्तीय सूचक खस्किने र अन्तर्राष्ट्रिय पुनर्बिमा कम्पनीहरूले व्यवसाय नै नदिने जोखिम बढेको थियो । त्यस कारण पनि नेपाल रिमा लगानी थप गर्नुपर्ने दबाब थियो । सोही अवस्थालाई दृष्टिगत गर्दै यसमा लगानी थप गर्ने निर्णय गरिएको अर्थ मन्त्रालयका अधिकारी बताउँछन् । अब कम्पनीले हकप्रद सेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्डमा आवेदन दिनेछ । बोर्डले अनुमति दिएपछि हकप्रद सेयर निष्कासन हुनेछ ।

यता नेपाल बिमा प्राधिकरणले पुँजीवृद्धि गर्न पुनर्बिमा कम्पनीहरूलाई दिएको म्याद माघ मसान्तसम्म छ । बदलिँदो परिस्थितिमा अब यसबारे उचित निर्णय गर्ने तयारीमा प्राधिकरण छ । 'गत वर्ष अन्तरिम सरकारले तत्काल सेयर लगानी नगर्ने भनेपछि यससम्बन्धी काम अघि बढ्न सकेको थिएन । अहिले सरकारले नेपाल रिमा सेयर लगानी गर्ने भनेको छ,' प्राधिकरणका एक अधिकारीले भने, 'अब मन्त्रिपरिषद्को निर्णयको पत्र कस्तो आउँछ । पुँजीवृद्धिको म्याद पनि धेरै छैन । तसर्थ, यसमा पछिल्लो बदलिँदो परिस्थितिअनुसार उचित निर्णय गर्नेछौं ।'

यसअघि पुनर्बिमा कम्पनीहरूको न्यूनतम चुक्ता पुँजी १० अर्ब रूपैयाँ हुनुपर्ने व्यवस्था थियो । १७ माघ ०८० मा प्राधिकरणको सञ्चालक समितिले पुनर्बिमा कम्पनीहरूको न्यूनतम चुक्ता पुँजी २० अर्ब पुर्याउने निर्णय गरेको थियो । साथै, कम्पनीहरूलाई १५ दिनभित्र पुँजीवृद्धि योजना पेस गरेर एक वर्षभित्र न्यूनतम २० अर्ब रूपैयाँ पुँजी कायम गर्न निर्देशन दिइएको थियो । अर्थात्, रि-इन्स्योरेन्स कम्पनीहरूले माघ ०८१ भित्रै तोकिएअनुसार पुँजी कायम गर्नुपर्ने थियो ।

त्यसपछि हिमालयन रिले ८० प्रतिशत हकप्रद जारी गर्ने र बाँकी पुँजी बोनस सेयरमार्फत पूरा गर्ने गरी पुँजीवृद्धिको योजना पेस गरेको थियो । त्यसमा प्राधिकरणले पनि सैद्धान्तिक सहमति दिइसकेको थियो । ४४.०४ प्रतिशत सरकारी स्वामित्व भएको नेपाल रिले भने लामो समयसम्म पुँजीवृद्धिको योजनानै पेस गर्न सकेन ।

पहिलो म्यादमा दुवै कम्पनीले पुँजी बढाउन सकेनन् । त्यसपछि प्राधिकरणले एक वर्ष म्याद थप गरिदिएको थियो । त्योअनुसार ०८२ माघ मसान्तभित्र दुवै कम्पनीले न्यूनतम २० अर्ब रूपैयाँको चुक्ता पुँजी कामय गर्नुपर्ने थियो । तर, अन्तरिम सरकार तत्काल सेयर लगानी नगर्ने भनेपछि दुवै कम्पनीलाई पुँजी वृद्धिका लागि दबाब दिन छोडिएको थियो । यद्यपि, त्यसका लागि दिइएको म्याद आगामी माघसम्म थप गरिएको थियो ।

झण्डै ११ अर्ब पुग्यो आन्तरिक बेरुजु

काठमाडौं । संघीय सरकारको आन्तरिक बेरूजु साढे एक अर्ब रूपैयाँले बढेर साढे १० अर्ब पुगेको छ । महालेखा निरीक्षक कार्यालयले गरेको आन्तरिक लेखापरीक्षणले आर्थिक वर्ष ०८२/८३ मा सरकारको बेरूजु १० अर्ब ६८ करोड पुगेको देखाएको हो ।

सरकारले आर्थिक वर्ष ०८२/८३ मा कुल १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएका थियो । त्यसमध्ये १५ खर्ब ६१ अर्ब ३९ करोड २६ लाख ३७ हजार तीन सय ६४ रूपैयाँ निकासा खर्च भएको थियो । उक्त आवमा विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषतर्फको आन्तरिक लेखापरीक्षण गर्दा कुल १० अर्ब ६८ करोड १५ लाख ८० हजार आठ सय ९९ रूपैयाँबराबर बेरूजु कायम भएको कार्यालयले उल्लेख गरेको छ ।

आर्थिक वर्ष ०८२/८३ मा संघीय सरकारका निकायले सञ्चालन गरेको कार्यक्रम र संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान गरेको अन्तरसरकारी अख्तियारी रकमबाट सञ्चालन गरिएको कार्यक्रमको आन्तरिक लेखापरीक्षणले यस्तो बेरूजु देखाएको हो । लेखापरीक्षण गरिएको कुल रकममध्ये असुलउपर गर्नुपर्ने बेरूजु तीन अर्ब ४२ करोड ६६ लाख ३१ हजार रूपैयाँ, नियमित गर्नुपर्ने बेरूजु एक अर्ब ९८ करोड ३३ लाख २० हजार र म्याद नाघेको पेस्की पाँच अर्ब २७ करोड १६ लाख २९ हजार रूपैयाँ रहेको छ ।

आव ०८२/८३ मा संघीय सरकारले चालूतर्फ ११ खर्ब ६८ अर्ब ७१ करोड ७ लाख, पुँजीगततर्फ ४ खर्ब ९ अर्ब १७



करोड ७२ लाख र वित्तीय व्यवस्थातर्फ ३ खर्ब ८६ अर्ब २२ करोड २० लाख निकासा गरेको थियो । आन्तरिक लेखापरीक्षणबाट चालू खर्चमा ९६ करोड ९२ लाख ३२ हजार र पुँजीगत खर्चमा ५ अर्ब ४८ करोड ६६ लाख ९६ हजार बेरूजु कायम भएको प्रतिवेदनले देखाएको छ । वित्तीय व्यवस्थामा बेरूजु शून्य रहेको छ ।

समीक्षा अवधिमा भ्रमण खर्च नियमावली तथा मापदण्डविपरीत भ्रमणभत्ता भुक्तानी गरेका, प्रचलित नर्स, दररेट तथा स्वीकृत लागत अनुमानविपरीत भुक्तानी दिएको, बजेट उपशीर्षक तथा खर्च शीर्षक फरक पारी खर्च लेखेको, वार्षिक खरिद योजना तर्जुमा तथा स्वीकृत नगरी खरिद कार्य गरेको, तोकिएको खरिद विधि र प्रतिस्पर्धाविपरीत सोझै खरिद गरेको, समयमै राजस्व तथा अन्य रकम दाखिला नगरेको र ढिलो दाखिला गरेको, स्वीकृत लागत अनुमानबेगर कन्टिन्जेन्सी शीर्षकबाट खर्च लेखेको, कर्मचारीको बढी तलब तथा ग्रेड भुक्तानी भएको तथा धरौटी खाता अद्यावधिक नराखेको, समयमै फिर्ता नगरेको तथा जफत/सदर नगरेकोलगायत प्रकृतिका बेरूजु देखिएको प्रतिवेदनमा उल्लेख छ ।

समीक्षा आवमा अघिल्लो आर्थिक वर्ष ०८१/८२ को तुलनामा आन्तरिक लेखापरीक्षणको बेरूजु एक अर्ब ४४ करोड १५ लाख ४९ हजार रूपैयाँले बढेको हो । आर्थिक वर्ष ०८१/८२ मा ९ अर्ब २४ करोड ३१ हजार रूपैयाँ बेरूजु कायम भएको थियो । त्यसअघि ०८०/८१ मा १४ अर्ब ७९ करोड ४३ लाख रूपैयाँ र आर्थिक वर्ष ०७९/८० को बेरूजु ३० अर्ब ४ करोड ४ लाख रूपैयाँ रहेको थियो ।

रकमका आधारमा सबैभन्दा बढी बेरूजु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको चार अर्ब १९ करोड १७ लाख रहेको छ । त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको तीन अर्ब २३ करोड ९२ लाख, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलको एब अर्ब ३२ करोड २५ लाख, सहरी विकास मन्त्रालयलको ७८ करोड तीन लाख र रक्षा मन्त्रालयको ३१ करोड ९६ लाख रूपैयाँ बेरूजु रहेको छ ।

खेलकुद

कर्णाली याक्सबाट खेल्न डेभिड मिलर काठमाडौं आइपुगे



कर्णाली याक्समा अनुबन्ध भएका टेस्ट राष्ट्र दक्षिण अफ्रिकाका चर्चित ब्याटर डेभिड मिलर काठमाडौं आइपुगेका छन् । बुधबार बिहान मिलर तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल) खेल्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन् । उनलाई कर्णाली याक्स स्पोर्टस् प्रालिका प्रतिनिधिले स्वागत गरेका थिए ।

३७ वर्षीय मध्यक्रमका बायाँहाते ब्याटरले दक्षिण अफ्रिकासँगै विश्वचर्चित फ्रेन्चाइज लिगहरूमा आफ्नो बलियो छाप छाडेका छन् ।

उनले भारतको इन्डियन प्रिमियर लिग (आइपिएल), अस्ट्रेलियाको विग बास लिग, पाकिस्तान प्रिमियर लिगसँगै थुप्रै लिगहरु खेलेका छन् । उनले आइपिएलमा मात्रै दिल्ली क्यापिटल्स, राजस्थान रोयल्स, किंग्स ११ पञ्जाव, गुजरात टाइटन्सबाट खेलेका थिए । सन् २०२२ मा गुजरात टाइटन्सले ऐतिहासिक आइपिएल जित्दा मिलर मुख्य खेलाडी थिए ।

कर्णाली याक्स स्पोर्टस् प्रालिका अध्यक्ष गृहेन्द्र घिमिरेले मिलरको आगमनसँगै नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने बताएका छन् ।

मिलरले दक्षिण अफ्रिकाबाट १४० टी-२० आईमा दुई हजार ८०४ रन बनाएका छन् । यसक्रममा दुई शतक र नौ अर्धशतक प्रहार गरेका थिए । उनले आफ्नो करिअरको दुई टी-२० शतक भारत र बंगलादेशविरूद्ध बनाएका थिए । यता, ५८४ टी-२० आई खेल खेल्दा १२ हजार ४३५ रन बनाएका छन् । यसक्रममा चार शतक तथा ५३ अर्धशतक बनाएका छन् । मिलरले सन् २०१७ मा बंगलादेशविरूद्ध खेल्दा ३५ बलमै कीर्तिमानी शतक प्रहार गरेका थिए । यस्तै, आइपिएलमा पञ्जावबाट रोयल च्यालेन्जर्स बेंग्लोरविरूद्ध खेल्दा ३८ बलमै शतक प्रहार गरेका थिए ।

कात्तिक ९ बाट सुरू भएको एनपिएलमा कर्णाली याक्सले तीन खेल खेलिसकेको छ । जसमध्ये दुई खेल जितेको थियो । टोलीले पहिलो खेलमा जनकपुरलाई १९ रन र दोस्रोमा विराटनगरलाई चार विकेटले पराजित गरेको थियो । तेस्रो खेलमा भने काठमाडौं गोर्खाजसँग चार विकेटले पराजित भएको थियो ।

अब, कर्णालीले शुक्रबार सुदूरपश्चिम रोयल्ससँग खेल्दै छ । सो खेलमा डेभिड मिलर सहभागी हुनेछन् ।

च्याम्पियन्स लिगमा लेन्सको पोस्टमा कोमोको ९ गोल

इटालियन क्लब कोमोले यूईएफए च्याम्पियन्स लिगमा फ्रान्सेली क्लब लेन्सलाई ९-१ को फराकिलो अन्तरले पराजित गरेको छ । कोमोले प्रतियोगिताको इतिहासमा एकै खेलमा सर्वाधिक गोल गर्ने कीर्तिमान बराबरी गरेको हो ।

बुधबार राति भएको खेलमा कोमोले पहिलो हाफमा तीन गोल गरेको थियो । तासोस डुभिकासले सातौं र ३२औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाए । निको पाजले ४०औं मिनेटमा गोल गरे ।

दोस्रो हाफमा पनि कोमोको आक्रमण रोकिएन । लुकास दा कुन्हाले ४७औं, म्याक्सेन्स केम्पफले ५३औं, माटेओ लिबेरालीले ६२औं र मार्टिन बटुरिनाले ६९औं मिनेटमा गोल गरे । डुभिकासले ५७औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे । माटेओ पापाचोलीले इन्जुरी समयमा नवौं गोल थपे । लेन्सका लागि रूबेन अगुइलारले ६५औं मिनेटमा एक गोल फर्काए।

यस जितसँगै कोमोले च्याम्पियन्स लिगमा एकै खेलमा सर्वाधिक गोल गर्ने कीर्तिमान बराबरी गरेको छ । यसअघि जर्मन क्लब बायर्न म्युनिखले सन् २०२४ मा डिनामो जाग्रेबविरूद्ध ९ गोल गरेको थियो । कोमोले च्याम्पियन्स लिगको इतिहासमै विपक्षीको मैदानमा सबैभन्दा ठूलो अन्तरको जित पनि निकालेको छ । प्रतियोगितामा यसअघि लिभरपुल र रियल म्याड्रिडले घरेलु मैदानमा ८-० को जित निकालेका थिए । च्याम्पियन्स लिग सुरू भएयता आठ गोलको अन्तरमा जित निकाल्ने कोमो तेस्रो टोली बनेको छ ।

युरोपेली प्रतियोगिताको इतिहासमा विपक्षीको मैदानमा नौ गोल गर्ने उपलब्धि पनि दुर्लभ छ । सन् १९७१ मा फेयेनोर्डले ओलम्पियाकोस निकोसियालाई ९-० ले हराएयता कुनै टोलीले अवे मैदानमा यति धेरै गोल गरेको थिएन । सेस्क फाब्रेगासको प्रशिक्षणमा रहेको कोमोको युरोपेली यात्रा पनि उल्लेखनीय बनेको छ । टोलीले आरबी लाइपजिग र म्यानचेस्टर युनाइटेडलाई हराइसकेको छ । फेयेनोर्डसँगको हारबाहेक उत्कृष्ट प्रदर्शन गर्दै आएको कोमो यो जितपछि लिग चरणको तालिकामा चौथो स्थानमा उक्लिएको छ ।

केही वर्षअघि इटालीको चौथो श्रेणीको लिगमा रहेको कोमोको प्रगति तीव्र बनेको छ । सन् २०१९ मा इन्डोनेसियाली अर्बपति रोबर्ट बुदी हार्तोनो र माइकल बाम्बाङ हार्तोनोको स्वामित्वमा रहेको समूहले क्लब खरिद गरेपछि यसको विकासले गति लिएको थियो ।

कर्पोरेट

● वार्षिकोत्सवका अवसरमा कामना सेवाले गऱ्यो रक्तदान कार्यक्रम

कामना सेवा विकास बैंकले २०औँ वार्षिकोत्सका अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । बैंकले केन्द्रीय कार्यालयसहित देशभरका विभिन्न क्षेत्रीय कार्यालय तथा शाखाहरूमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत विनय दाहालले हिमाल हस्पिटल तथा रक्तसञ्चार केन्द्रकी निशा भण्डारीलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममार्फत कुल ४०४ पिन्ट रगत संकलन भएको बैंकले जनाएको छ । यसै अवसरमा बैंकका प्रमुख व्यवसाय अधिकृत दीपेन्द्र सुवेदीले दुर्लभ नेगेटिभ रक्त समूहको रगतसहित ६१औँपटक रक्तदानसमेत गरेका छन् ।

बैंकका अनुसार कोशी प्रदेशको विराटनगर शाखा, मधेश प्रदेशको बर्दीवास, नारायणगढ क्षेत्रको कावासोती, पोखरा क्षेत्रको न्युरोड, बुटवल क्षेत्रको बुटवल ब्लड बैंकमा र पश्चिम क्षेत्रको घोराही तथा महेन्द्रनगर शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । सो कार्यक्रममा क्षेत्रीय प्रमुख, स्थानीय समाजसेवी, रक्तदाता तथा कर्मचारीको उपस्थिति थियो । बैंकले आफ्नो वार्षिकोत्सवको अवसरमा अन्तरबैंक तथा वित्तीय संस्थास्तरीय फुटसल कप (छैटौँ संस्करण) पनि आयोजना गरेको थियो । उक्त प्रतियोगितामा पुरूषतर्फ कुमारी बैंक र महिलातर्फ लुम्बिनी विकास बैंक विजयी भएका थिए ।

● गरिमा विकास बैंकको १२७औँ शाखा बालुवाटारमा

गरिमा विकास बैंक लिमिटेडले काठमाडौं महानगरपालिका- ३, बालुवाटारमा १२७औँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ ।

बैंकले पहिलोपटक कारोबार सञ्चालन गरेको १९औँ वर्षको विशेष अवसर पारी बुधबारदेखि बालुवाटारस्थित आफ्नो केन्द्रीय कार्यालय रहेको भवनमा बालुवाटार शाखा सञ्चालनमा ल्याएको हो ।

शाखाको उद्घाटन नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक विश्रुत थापाले गरे । यससँगै बालुवाटार शाखामार्फत ग्राहकले नियमित बैकिङ सेवाका अतिरिक्त एटिएम, लकर, विदेशी मुद्रा सटहीलगायतका सेवा प्राप्त गर्न सक्नेछन् ।

यसबाट ग्राहकलाई आवश्यकताअनुरूपका वित्तीय सेवा उपलब्ध गराउन र स्थानीय आर्थिक गतिविधिलाई थप चलायमान बनाउन सहयोग पुग्ने विश्वास विकास बैंकले लिएको छ । बैंकले देशका सातै प्रदेशमा फैलिएको शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

● नेपाल बैंक र फिन्तारा सोलुसन्सबिच सम्झौता

नेपाल बैंक लिमिटेडले क्रेडिट कार्डबाट किस्ताबन्दीमा सामान खरिद गर्न सक्ने सुविधा सञ्चालनमा ल्याएको छ ।

बैंकले स्थापनाको ९०औँ वार्षिकोत्सवका अवसरमा बिएनपिएल प्लाटफर्ममा आबद्ध भई ग्राहकलाई किस्ताबन्दीमा सामान खरिद गर्न सक्ने सेवा सुरूवात गरेको हो । यसका लागि बैंक र फिन्तारा सोलुसन्स प्रालिबिच सम्झौता भएको छ ।

सम्झौतापत्रमा बैंकका प्रमुख कर्जा अधिकृत प्रदीपकुमार पाठक र फिन्ताराका कार्यकारी निर्देशक आशिषकुमार शर्माले हस्ताक्षर गरे ।

यसअनुसार बैंकको क्रेडिट कार्डवाहक ग्राहकले 'बाई नाउ, पे लेटर' सुविधा प्रयोग गरी १८ महिनासम्मको किस्ताबन्दीमा सामान खरिद गर्न सक्नेछन् । यसअन्तर्गत कुनै ब्याज तथा सेवाशुल्क नलाग्ने बैंकले स्पष्ट पारेको छ । बैंक ३० कात्तिकबाट ९०औँ वर्षमा प्रवेश गर्दै छ ।

● गरिमा विकास बैंकको १२७औँ शाखा कार्यालय बालुवाटारमा सञ्चालनमा

गरिमा विकास बैंक लिमिटेडले काठमाडौं महानगरपालिका- ३ स्थित बालुवाटारमा आफ्नो १२७औँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ।

बैंकले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा बुधबारदेखि बालुवाटारस्थित केन्द्रीय कार्यालय रहेको भवनबाट नयाँ शाखा सञ्चालनमा ल्याएको हो। बैंकले पहिलोपटक ०६४ कात्तिक १८ गते कारोबार सुरू गरेको थियो। कारोबार सुरू गरेको १९औँ वर्षको विशेष अवसर पारेर नयाँ शाखा सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ। बैंकका अध्यक्ष दिलीपप्रताप खाँणको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक विश्रुत थापाले बालुवाटार शाखाको उद्घाटन गरेका थिए।

नयाँ शाखाबाट ग्राहकले नियमित बैंकिङ सेवाका अतिरिक्त एटिएम, लकर तथा विदेशी मुद्रा सटहीलगायतका सेवा प्राप्त गर्न सक्नेछन्।

आमनागरिकको बैंकिङ सेवामा पहुँच विस्तार, वित्तीय समावेशीकरणलाई थप सुदृढ बनाउने तथा ग्राहकलाई सहज र विश्वसनीय बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले शाखा विस्तारलाई निरन्तरता दिइएको बैंकले जनाएको छ।

बैंकले शाखा विस्तारलाई भौगोलिक उपस्थितिमा वृद्धि गर्ने माध्यमका रूपमा मात्र नभई स्थानीय आर्थिक गतिविधिको प्रवर्द्धन, उद्यमशीलताको विकास, बचत परिचालन तथा उत्पादनशील क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्ने महत्त्वपूर्ण आधारका रूपमा लिएको छ।बालुवाटारमा नयाँ शाखा सञ्चालनसँगै व्यक्तिगत तथा संस्थागत ग्राहकको आवश्यकताअनुसार वित्तीय सेवा उपलब्ध गराउन र स्थानीय आर्थिक गतिविधिलाई थप चलायमान बनाउन सहयोग पुग्ने विश्वास बैंकले व्यक्त गरेको छ।

● महालक्ष्मीका ग्राहकलाई सामान खरिदमा छुट

महालक्ष्मी विकास बैंकका ग्राहकले ई-कमर्सबाट सामान किन्दा अधिकतम २० प्रतिशतसम्म छुट पाउने भएका छन् । बैंकका अनुसार १५ देखि २५ कात्तिसम्म लागू हुने यो अभियानमा बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक छुट प्राप्त गर्न सक्नेछन् । यस्तो छुट डेबिट कार्डबाट खरिद रकममा १५ प्रतिशत वा अधिकतम १५ सय रूपैयाँ तथा क्रेडिट कार्डबाट अधिकत २० प्रतिशत वा दुई हजार रूपैयाँसम्म पाइनेछ । यो छुटका लागि बैंकले ई-कमर्स प्लाटफर्म दराजसँग ११.११ अभियानका लागि सहकार्य गरेको हो । सो प्लाटफर्ममार्फत सामान खरिद गरेपछि भौचर संकलन गर्नुपर्नेछ । योजना अवधिभर सहभागी हुने पहिलोलाई प्राथमिकतामा राखी छुट प्रदान गरिने बताइएको छ । यस प्रकारका समझदारीबाट ग्राहकसँग डिजिटल रूपमा जोडिन, ग्राहकको भुक्तानी प्रक्रियालाई सुनिश्चित गर्न तथा डिजिटल नवप्रवर्तनका माध्यमबाट ग्राहक सन्तुष्टिलाई बढावा दिन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ । बैंकले हालै मात्र काठमाडौं, ज्ञानेश्वरमा कफी लाउन्जसहितको डिजिटल हब सञ्चालनमा ल्याएको छ ।

● नुवाकोटस्थित सिटिजन्स बैंकको देवीघाट शाखा बट्टारमा स्थानान्तरण

सिटिजन्स बैंकले नुवाकोटको देवीघाटमा रहेको शाखा कार्यालय जिल्लाकै बट्टारमा स्थानान्तरण भएको छ । गत भदौ १० मा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले बैंकको देवीघाट शाखा पूर्ण रूपमा क्षति भएको थियो । त्यसपछि बैंकको सेवा प्रवाह ठप्प भएको थियो । स्थानीय सेवाग्राहीलाई सहज, सुलभ तथा प्रभावकारी बैंकिङ सेवा दिने उद्देश्यसहित बैंकले मंगलबारबाट नुवाकोटको विदुर नगरपालिका- २ मा बट्टार शाखा सञ्चालनमा ल्याएको हो । बागमती प्रदेशमा मात्रै सिटिजन्सका ५६ शाखा सञ्चालन रहेका छन् । एक कार्यक्रमबिच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले नयाँ शाखा सुरूवात गरे । सिइओ पोखरेलले देवीघाट शाखा पूर्ण रूपमा क्षति भएपछि स्थानीय ग्राहकलाई सेवा दिन बट्टार शाखा सञ्चालनमा ल्याइएको बताए । उनका अनुसार शाखामा क्षति पुगे पनि बैंकका कर्मचारी भने सकुशल थिए । त्यसैगरी, बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नयाँ शाखामा निःशुल्क स्वास्थ्यशिविर आयोजना गर्न लागिएको जनाएको छ ।

● नेपाल लाइफको रेटिङ 'डबल ए'मा स्तरोन्नति

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको क्रेडिट रेटिङ 'डबल ए माइनस'बाट 'डबल ए'मा स्तरोन्नति भएको छ । इक्रा नेपालले कम्पनीको वित्तीय अवस्था, सोल्भेन्सी क्षमता, लगानी संरचना, बजार उपस्थिति तथा व्यवस्थापकीय सबलताको मूल्यांकन गर्दै रेटिङ बढाएको हो ।

यसअघि जीवन बिमा क्षेत्रमा इक्रा नेपालबाट 'डबल ए माइनस' रेटिङ प्राप्त गर्ने पहिलो कम्पनी बनेको नेपाल लाइफले अहिले थप एक तह माथिको रेटिङ प्राप्त गरेको हो । कम्पनीले यसलाई वित्तीय सुदृढीकरण र संस्थागत उत्कृष्टताको महत्वपूर्ण उपलब्धिका रूपमा लिएको छ ।

इक्रा नेपालको पछिल्लो मूल्यांकनअनुसार कम्पनीको सोल्भेन्सी अनुपात करिब १४५ प्रतिशतबाट बढेर १५४ प्रतिशत पुगेको छ । यो नियामक निकायले तोकेको न्यूनतम १३० प्रतिशतभन्दा बढी हो । त्यस्तै, कम्पनीले सरकारी सुरक्षणमा लगानी विस्तार गर्दै मुद्दती निक्षेपमा रहेको लगानीको एकाग्रता घटाएको छ । यसले कम्पनीको लगानी पोर्टफोलियोलाई थप विविधीकृत र सुदृढ बनाएको मूल्यांकन गरिएको छ ।

● पोखरामा स्टार्टअप समिट

'नेपालमा बसौं, नेपालमै उत्पादन गरौं र रोजगारी सिर्जना गरौं' भन्ने उद्देश्यसहित नयाँ पुस्तालाई व्यवसायमा आकर्षित गर्ने गरी पोखरामा बुधबार 'स्टार्टअप नेपाल समिट-२०२६' सम्पन्न भएको छ । नीति रिसर्च प्रालिको आयोजनामा सम्पन्न समिटमा लगानीका नयाँ अवसर, चुनौती, लगानीको खोजी, लगानीका क्षेत्र, लगानीको सुरक्षा, सरकारले व्यवसाय दर्ता तथा सञ्चालन प्रक्रिया सरल बनाउने, स्टार्टअपका लागि सहुलियतपूर्ण कर्जा सहज रूपमा उपलब्ध गराउने, कर्जाको सीमा बढाउने, विनाधितो ऋण दिने व्यवस्था, नेपाली उत्पादनको प्रयोग र प्रवर्द्धनलगायतका विषयमा बहस, छलफल एवं अनुभव आदानप्रदान गरिएको थियो ।

समिटमा राष्ट्र निर्माणमा स्टार्टअपको भूमिकाबारे भएको बहसमा स्वदेशमै उत्पादन गरेर आर्थिक रूपमा लाभ लिन, लगानीका अवसर बढाउन आवश्यक स्रोत-साधनको खोजी र सहकार्यका उपायबारे केन्द्रित रहेर छलफल गरिएको आयोजक नीति रिसर्चकी अध्यक्ष शोभा झवालीले जानकारी दिइन् । स्टार्टअपमार्फत युवालाई रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने लक्ष्य राखेर अघि बढेको उनले बताइन् । स्टार्टअपका लागि राज्य, निजी क्षेत्र र बैंकबाट उपलब्ध सहयोग तथा सुविधाबारे युवालाई जानकारी गराउनु पनि कार्यक्रमको उद्देश्य रहेको र यसले व्यवसायी तथा लगानीकर्तालाई अवसर दिलाउने उनको भनाइ छ ।

पोखराबाट सुरू भएको प्रदेशस्तरीय यो कार्यक्रम देशका अन्य ६ वटा प्रदेशमा समेत आयोजना गरिनेछ । प्रत्येक प्रदेशबाट उत्कृष्ट आइडिया र सम्भावना भएका चारदेखि पाँचवटा स्टार्टअप छनोट गरी काठमाडौंमा अन्तिम कार्यक्रम आयोजना गरिनेछ । कार्यक्रममा विद्वत् प्रवचन दिँदै इन्जिनियर उमेशकुमार गुप्ताले यस्ता कार्यक्रममार्फत बैंक तथा वित्तीय संस्था र लगानीकर्तालाई जोड्न सकिने बताएका थिए । लगानीकर्ताका लागि कतिपय अवस्थामा अवसरको खाँचोसँगै अभाव र अन्योलको अवस्थामा यस्ता कार्यक्रमले पुलको काम गर्ने उनको भनाइ थियो ।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्टार्टअप गण्डकी कार्यक्रममार्फत नयाँ उद्यम सुरू गर्न चाहनेलाई अनुदानको व्यवस्था गरे पनि सुरूवाती उत्साह र उमंगअनुसार पछिल्लो समय अपेक्षित उपलब्धि हासिल हुन नसकेको बताए । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नवीन सोच र सिर्जनात्मक विचारलाई उद्यमशीलतासँग जोडेर रोजगारी सिर्जना गर्नु नै स्टार्टअपको मुख्य उद्देश्य रहेको बताउँदै देशका लागि यो आवश्यकता भएको धारणा राखेका थिए ।

● पोखरामा वार्षिक चार करोडको फूल बिक्री

कास्की- पर्यटकीय नगरी पोखरामा वार्षिक चार करोडभन्दा बढीको फूलको कारोबार हुने गरेको छ । पोखरामा खपत हुनेमध्ये करिब ३० प्रतिशत फूल अन्य स्थानबाट आउने गरेको फ्लोरिकल्चर एसोसिएसन (फ्यान)का अध्यक्ष श्रीराम सुवेदीले जानकारी दिए । तिहारको समयमा मात्र दुई करोड हाराहारीको कारोबार हुने गरेको उनको भनाइ छ । पोखरामा भारत, जापान, सिंगापुर, चीन, थाइल्यान्ड, नेदरल्यान्ड, अस्ट्रेलिया, बेलायतलगायतका मुलुकबाट फूलको बिउ तथा केही मात्रामा बिरूवासमेत ल्याइन्छ । फूलको मूल्य १५ रूपैयाँदेखि डेढ लाख रूपैयाँसम्म पर्ने फ्यानले जनाएको छ । पोखरामा विशेष गरी गोदावरीसँगै सिजनल फूलको बढी कारोबार हुने गरेको छ ।

पर्यटकीय राजधानी भएका कारण यहाँका अधिकांश पुष्प व्यवसायी होटेलहरूमा निर्भर छन् । पोखरामा बिक्री हुनेमध्ये ५० प्रतिशतको हाराहारीमा स्थानीय होटेलहरूमा नै खपत हुने गरेको छ । अन्य कार्यालय प्रयोजन र व्यक्तिहरूले आफ्नो घर सजावटका लागि फूल लैजाने गरेका छन् । वार्षिक रूपमा हेर्दा पोखरामा बढी मात्रामा कट फ्लावर बिक्री हुने व्यवसायीहरूको भनाइ छ । पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले पुष्प व्यवसायले स्थानीय अर्थतन्त्र, रोजगारी सिर्जना र कृषि उद्यमशीलतामा महत्वपूर्ण योगदान पुर्याइरहेको बताए । महानगरपालिकाले किसानहरूलाई प्रोत्साहन दिन बिउ तथा मल्चिङ प्लास्टिक खरिदमा ५० प्रतिशत अनुदान दिँदै आएको उनले बताए । भाइटीका र छठ पर्वलाई लक्षित गर्दै पोखरामा नवौं गोदावरी पुष्प प्रदर्शनी तथा पाँचौं गण्डकी प्रादेशिक एवं तेस्रो सयपत्री पुष्प मेला सुरू भएको छ । पुष्प व्यवसायको प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण, कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यसहित फ्यानको आयोजनामा २३ कात्तिकसम्म मेला चल्नेछ । मेलामा २२ व्यावसायिक, तीन कृषि सामग्री र दुई सूचनामूलक गरी २८ वटा बिक्री स्टल रहेको फ्यान कास्कीका अध्यक्ष सुवेदीले जानकारी दिए ।

● एडिबीले सडक सुधारका लागि २८.५ करोड डलर ऋण दिने

एसियाली विकास बैंकले सडक सुधारका लागि नेपाललाई २८ करोड ५० लाख डलर सहुलियत ऋण दिने भएको छ । मंगलबारको मन्त्रिपरिषद्ले उक्त ऋण स्वीकार गर्ने निर्णय गरेको छ । यसैगरी, एडिबीले दिने दुई करोड डलरबराबरको अनुदान पनि स्वीकार गर्ने निर्णय गरिएको छ । 'एसियाली विकास बैंकबाट सडक सुधारका लागि प्राप्त हुने २८५ मिलियन अमेरिकी डलरबराबरको सहुलियतपूर्ण ऋण र २० मिलियन अमेरिकी डलरबराबरको अनुदान सहायता स्वीकार गर्ने,' मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ ।

● लगानी र विकासलाई विकेन्द्रीकरण गरिने

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले विकास र लगानीलाई एउटै क्षेत्रमा केन्द्रित गर्ने पुरानो शैलीले मुलुकलाई ठुलो आर्थिक र भौतिक जोखिममा पारेको बताएका छन् । अब लगानी र विकास कार्यक्रमलाई देशव्यापी रूपमा विकेन्द्रीकरण गर्नुपर्ने उनको भनाइ छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार आयोजना गरेको 'नेपालमा योजनादेखि समृद्धि-सुदृढीकरण सार्वजनिक लगानी व्यवस्थापन' विषयक कार्यक्रममा उपाध्यक्ष डा. भट्टले योजना आयोगले आगामी २५ वर्षका लागि 'नेपाल विकास दृष्टिकोण' तर्जुमा गर्ने गृहकार्य गरिरहेको जानकारी दिए । विगतमा ७-८ प्रतिशतसम्म आर्थिक वृद्धि हासिल भएको स्मरण गराउँदै उच्च वृद्धिका लागि निजी क्षेत्र, प्राज्ञिक वर्ग र सरकारबिच निरन्तर संवाद आवश्यक रहेकामा जोड दिए ।

लगानी एकै ठाउँ केन्द्रित गर्दा हालैको बाढीपहिरोले जलविद्युत् क्षेत्रमा सबैभन्दा बढी क्षति पुर्याएको उनले उल्लेख गरे । 'एउटै खोलामा १३-१४ वटासम्म हाइड्रोपावर बनाउँदा विपत् आउँदा सबै आयोजना एकसाथ बगाउने र ठुलो क्षति हुने देखियो,' उनले भने ।

कार्यक्रममा 'नेपालमा सार्वजनिक लगानी, रणनीतिक प्राथमिकता, वित्तीय छनोट र विकास परिणाम' विषयमा कार्यपत्र प्रस्तुत गर्दै पूर्वमुख्य सचिव डा. वैकुण्ठ अर्यालले सरकारले बाटो बनाउने र गाडी निजी क्षेत्रले कुदाउने स्पष्ट सीमारेखा कोर्नुपर्ने बताए । 'सडक सरकारले बनाउँछ, तर गाडी निजी क्षेत्रले कुदाउँछ । सरकारले ट्राफिक, नियमन र सुरक्षा मात्र हेर्ने हो,' उनले भने ।

● बन्द सरकारी उद्योग चलाउनुअघि पुनर्संरचना अनिवार्य

कार्यक्रमको समूह छलफलमा सहभागी उद्योगी शशिकान्त अग्रवालले बन्द रहेका हेटौंडा कपडा, बुटवल धागो र वीरगन्ज चिनीजस्ता रूग्ण सरकारी उद्योग फेरि चलाउनुअघि पुनर्संरचना गर्नुपर्ने बताए । अहिलेको सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा 'राजनीतिक स्टन्ट' मात्र भएको उनको भनाइ छ । समृद्धि फाउन्डेसनकी सहसंस्थापक तथा अनुसन्धान निर्देशक अर्पिता नेपालले सार्वजनिक लगानीको स्पष्ट कानुनी परिभाषा नै नभएको बताइन् । 'संस्थानहरु खोल्दा नै निजी क्षेत्र आएपछि सरकार बाहिरिने सर्त राखिनुपर्थ्यो,' उनले भनिन् । नेपाल औषधि लिमिटेडका पूर्वमहाप्रबन्धक कैलाश कुमार पनेरूले संस्थानमा समस्या देखिनुमा नीतिगत र राजनीतिक तह बढी जिम्मेवार रहेको बताए ।

कुनै सर्वाजनिक...

देखिन्छ । सापकोटाको गिरफ्तारी पछि सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रधानमन्त्रीका सल्लाहकारहरु भने मौन रहेका छन् भने प्रमुख सल्लाहकारले भने सापकोटाले प्रधानमनत्रीको सचिवालयको दुरूपयोग गरेको थाहा पाएपछि मैले उसलाई मलाई चिन्छौं भनेर सोधेकोमा हामी एउटै स्कूल लिटिल एन्जल्समा सँगैपढेको बताएर उ नजिकिन खोजेको थियो भन्ने बताएका छन् ।

यी सबै घटना हुनुको पछाडि राजनीतिक चलखेल नै देखिन्छ । गत असोज ११ गते मध्यरातमा पूर्व प्रधानन्यायाधिश चोलेन्द्र शमशेर राणालाई पक्राउ गरिएको थियो । सो पक्राउ प्रकरणमा सापकोटा जोडिएका थिए कि थिएनन् ? त्यसको तथ्यतथ्य जानकारी आजसम्म कहिँ कतैबाट प्रष्ट पारिएको छैन । राणालाई पक्राउ गर्न प्रधानमन्त्रीका मुख्य सल्लाहकारले नै गृहमन्त्रीलाई आग्रह गरेका थिए ।

के त्यसबेला नै मुख्य सल्लाहकार कुमार बेनलाई सापकोटाका बारेमा केही जानकारी थियो कि थिएन ? यदि थियो भने त्यसैबेला उनलाई किन पक्राउ गरिएन भन्ने प्रश्न समेत अहिले उठेको छ । असोज १४ गते सापकोटालाई त्रिभुवन विमानस्थलबाट पक्राउ गरि उनको मोबाइल प्रधानमन्त्रीको सचिवालयका व्यक्तिहरूले लगेको र १६ गतेमात्र प्रहरीलाई फिर्ता दिएको यदि हो भने त्यो अर्को गम्भीर अपराध हो । त्यो मोबाइलमा भएका सूचनाहरु डिलेट गरेर मोबाइल फिर्ता गरिएको आशंका किन नगर्ने ? सापकोटासँग प्रधानमन्त्रीको सचाविलयमा रहेका व्यक्तिहरूको सम्पर्क रहेको हुनाले नै उनीहरूले मोबाइल लगेको सहजै अनुमान गर्न सकिन्छ ।

कुनैपनि औपचारिक सार्वजनिक पदमा नरहेका एक व्यक्तिले सुरक्षा निकायदेखि सर्बोच्च अदालतसम्म आफ्नो प्रभाव जमानउ सक्नुको पछाडि इनम सापकोटाका मात्र हात रहेको छ कि उनलाई कसैले प्रयोग गरिरहेका छन् अब त्यसको गहिरो अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ । सार्वजनिक पदमा नरहेका व्यक्तिले प्रधानमन्त्री र प्रधानमन्त्रीको सचिवालयमा रहेका व्यक्तिहरूसँगको सम्बन्धमा मात्र यी गतिविधि भएका हुन् भने अहिले नै पत्याई हाल्ने अवस्था देखिँदैन ।

यस प्रकरणले सुरक्षा निकाय प्रहरी नेतृत्व र अदालतलाई सम्म प्रश्नको घेरामा ल्याईदिएको छ । त्यही कारणले सबै भन्दा गम्भीर परिणाम न्यायपालिकामा देखिएको छ । जस्ले गर्दा सर्बोच्च अदालतमाथिको जनताको विश्वास, समग्र न्यायालयको स्वतन्त्रता साथै न्यायाधिशहरूलाई जवाफदेही बनाउने सम्वैधानिक प्रक्रिया समेत दाउमा लागेका छन् ।

सर्बोच्च अदालतका न्यायाधिशहरूमाथि महाभियोग लगाउनका लागि संसदमा दुई तिहाई मतको आवश्यकता हुन्छ । सत्ताधारी दल रास्वपाभित्र महाभियोग बारेमा मतभेद रहेको र रास्वपाको संसदमा दुई तिहाई मत नरहेकोले विपक्षी दलहरूको सहयोग र समर्थन विना महाअभियोगको प्रस्ताव पारित हुन सक्ने सम्भावना देखिँदैन । इनम सापकोटा प्रकरणले गर्दा राज्यसत्ता नै हल्लिएको र न्यायालय नै संकटमा परेको सायद यो नै पहिलो पटक होला । कुनै पदमा नरहेका व्यक्तिले एक्लै यति ठुलो काण्ड मच्चाउन सक्ने सम्भावना रहन्छ कि रहँदैन ? थियो कि थिएन भनेर अनुसन्धान गरी त्यसको जानकारी जनतासामू प्रष्ट पार्नु आवश्यकता रहेको छ ।

सरकारले सञ्चार जगत्लाई जतिसुकै दुःख कष्ट दिन खोजेपनि आखिरी सञ्चार जगत्ले नै यो काण्डको पर्दाफास गरेका हुन् । अहिले सबैभन्दा गम्भीर प्रश्न भनेको न्यायपालिकासँग सम्बन्धित रहेको यो प्रकरणको अनुसन्धान गरी दोषीमाथि कारबाही गरेर स्वतन्त्र न्यायालय र प्रेस स्वतन्त्रतालाई अझ बलियो बनाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

लोकतन्त्र...

प्रत्येक निकायका लागि नियम कानुन रहेको छन् । संविधानले दिएका अधिकारहरु सबैले उपयोग गर्न पाउनुपर्दछ । सम्वैधानिक निकायहरूले स्वतन्त्र रूपमा काम गर्न पाउनुपर्दछ । तर बालेन सरकार गठन पश्चात् सम्वैधानिक निकायहरु समेत सरकारका आफ्ना विपक्षी जस्ता देखिएका छन् । संविधान, कानुनले दिएको अधिकारहरु प्रयोग गर्दा, सरकारको विरोध गरेको ठहर बालेन सरकारले गर्दै आएकोले सम्वैधानिक निकायहरूले स्वतन्त्रतापूर्वक आफ्नो काम गर्न सकेका छैनन् ।

संविधानले नै राजनीतिक दलहरूलाई अधिकार दिएको छ, त्यो अधिकार प्रयोग गर्न उनीहरु स्वतन्त्र रहेका भएपनि अहिले त्यस्तो अवस्था देखिएको छैन । बालेन सरकारले प्रतिशोधको राजनीति गरिरहेको भएपनि रास्वपा भने मौन रहेको जस्तो देखिएको छ । रास्वपाका वरिष्ठ नेता नै प्रधानमन्त्री रहेकाले सरकारले गरेका राम्रा र नराम्रा कामको जस अपजसको भारी रास्वपा र रास्वपा नेतृत्वले समेत बोक्नुपर्ने भएकाले सरकारलाई ठीक बाटोमा हिडाउने काम नेतृत्वकै हो तर अहिले त्यस्तो अवस्था देखिएको छैन । सरकार, लोकतन्त्र र प्रेस स्वतन्त्रतामाथि एकै पटक प्रहार गरिरहेको छ ।

संविधानले नै पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरेकोमा बालेन सरकारले प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्दै सञ्चारजगत्लाई त्रासमा बाँच्न बाध्य पारेको छ । समाचार लेखेकै भरमा प्रहरीलाई प्रयोग गरेर पत्रकारहरु पक्राउ गर्नु सञ्चारगृहमा प्रवेश गरेर समाचारको स्रोत सोधखोज गर्नु लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको मात्र नभएर प्रेस स्वतन्त्रको धज्जी उडाउनु नै हो ।

समाचारको विषय चित्त नबुझेको खण्डमा प्रेस काउन्सिल नेपालमा उजुरी दिन सकिने व्यवस्था रहेको छ । काउन्सिलको निर्णय चित्त नबुझेमा अदालत जान सकिने बाटो खुल्ला रहेकोमा पत्रकारहरूलाई पक्राउ गर्नु स्रोत पत्ता लगाउन खोज्नु र सञ्चारगृहको सम्पादकीय शाखामा नै पुगेर पत्रकारहरूलाई पक्राउ गरेर साइबर व्यूरोमा उपस्थित गराएर स्रोतको बारेमा सोधखोज गर्नु लोकतन्त्र र प्रेस स्वतन्त्रतामाथिको प्रहार हो । पत्रकारहरूले स्रोत कसैलाई बताउनु हुँदैन । पत्रकारहरूले आफ्नो स्रोतलाई जहिलेसुकै पनि गोप्य नै राख्नुपर्दछ । जब पत्रकारको निधन हुन्छ, तबमात्र स्रोतको अन्त्य हुन्छ ।

चार्टर्ड..

कर्पोरेशन, होटल याक एण्ड यति, वर्ल्डलिंक, एनसेल, होटल ह्यायत लगायत १० वटा भन्दा बढी संस्थाका विरूद्ध मुद्दा दर्ता गराएर मिलापत्र गर्ने भन्दै मोटो रकम हात पार्ने प्रयासमा लागि परेका हाछन् ।

उनले विभिन्न समयमा विभिन्न व्यक्तिहरूलाई उनीहरूका समस्याहरु समाधान गरिदिने आश्वासन दिएर मोटो रकम हात पारेका भएपनि उनले ती समस्याहरु समाधान गर्न नसकेपछि सम्बन्धित व्यक्तिहरूले प्रशासनमा उजुरी गरेपछि उनीमाथि कारबाही समेत भएको थियो । चार्टड एकाण्टेन्ट जस्तो सम्मानित पदकै दुरूपयोग गर्दै राज्यका उच्च स्तरका व्यक्तिहरूसँग आफ्नो चिनजान र सम्पर्क रहेको भन्दै केही मन्त्रीहरु, मुख्य सविच र सचिवहरूसँग फोटो खिचाएर त्यसैलाई प्रमाणका रूपमा देखाउँदै आफ्नो स्वार्थ पूरा गर्न लागि परेका छन् ।

नेपालमा मात्र नभएर उनले भारतमा समेत एउटै नामबाट विन्नि कम्पनीहरु खोलेका छन् । उनले भारतमा खोलेका कम्पनीहरूको स्रोत के हो ? भारतमा उनको डाइरेक्टर आइडेन्टी नम्वर ५७००६ रहेको रेकर्डबाट देखिन्छ । उनलाई त्यहाँ डाइरेक्टरको दर्जा दिएको रेडर्कबाट भेटिन्छ भने उनको भारतमा जीबी हेन्डीक्राफ्ट, ग्लोबल माउन्टेन सोलुसन, सम्बृद्धि मार्केटिङ्ग प्रा.लि. समेत रहेका छन् । ती सबै कम्पनीहरु २०१३ देखि २०१६ सम्ममा खोलिएका थिए । यी सबै कम्पनीहरूमा उनलाई डाइरेक्टर भनिएको छ । उनको जीएम हेण्डिक्राप्टको नाममा पञ्जाव नेशनल बैंकबाट २०१६/५/५ मा ७७,५००,०००.०० लिएको देखिन्छ । भारतमा यति धेरै उद्योगहरु खोल्ने निज लुइटेलको सम्पत्तिको स्रोत के हो ? अब त्यस विषयमा नेपाल सरकार, सम्पत्ति शुद्धीकरण विभाग र आन्तरिक राजस्व कार्यालयले अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिएको छ ।

नेपालमा रहेका विभिन्न प्रतिष्ठित संस्थानहरूलाई बार्गेनिङ गरी पैसा असुल उपर गर्नेका लागि मुद्दा हाल्दै हिड्ने व्यक्तिले मुद्दाको बहस गर्नुपर्दा वरिष्ठ वकिलहरूलाई बहस गराउँदा ठुलो रकम समेत दिनुपर्ने भएकाले उनले सो रकम कहाँबाट प्राप्त गर्ने गरेका छन् ? त्यसको स्रोत के हो ? त्यस विषयमा समेत अनुसन्धान र छानविन हुनुपर्ने देखिन्छ ।

पहिले पनि उनले अदालतमा मुद्दा दर्ता गराएका हुनाले ती मुद्दाहरूको बहसमा ठुलो रकम लाग्ने भएकाले मुद्दा दर्ता गराएका संस्थाहरूसँग मोटो रकम बार्गेनिङ गरेर मुद्दाको मिलापत्र गर्ने भन्दै सम्बन्धित क्षेत्रका संघ संस्थाहरूमा आफ्ना मान्छे पठाउने कार्यलाई निरन्तरता दिँदै आएकोमा एक संस्थाले उनका दुतलाई धोक्रेठ्याक लगाएर कार्यलयबाट बाहिर निकालिदिएको सुत्रले दाबी गरेको छ ।

त्यसै क्रममा साल्ट टेडिङ कर्पोरेशनमाथि समेत उनले मुद्दा दर्ता गराएका छन् । साल्ट टेडिङ्ग कर्पोरेशनमा नेपाल सरकारको झण्डै २२ प्रतिशत शेयर रहेको र सञ्चालक समितिमा समेत सरकारका प्रथम श्रेणीका सहसचिव नै सञ्चालक हुने भएकाले साल्टले बद्मानी गर्दछ भन्नु आकाश खस्छ भन्नु हो ।

अहिले पनि साल्टको सञ्चालक समितिमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव १ जना र नेपाल व्यापार कम्पनीका सिइओ सञ्चालक रहेका छन् भने बाँकी सदस्यहरु निजी क्षेत्रका लगानीकर्ताका प्रतिनिधिहरु नै रहेका छन् । साल्ट्रले आफ्नो स्थापनाकालदेखि नै नेपाली जनतालाई ठुलो सहयोग मात्र गरेको छैन लुलो लंगडो हुनबाट जोगाउनका लागि आयोडिनयुक्त नुन ल्याएर नेपाली जनतालाई सर्वसुलभ रूपमा विक्रि वितरण गरिरहेका छ भने उसले चीनी मल, खाद्यान्न लगायत दैनिक आवश्यक पर्ने सामानको समेत विक्रि वितरण गरेर मुलुकभरमै सेवा प्रदान गरिरहेको मात्र छैन निजी क्षेत्रको एकाधिकारलाई समेत उसले नियन्त्रण गरी सरकार र निजी क्षेत्रको पुलका रूपमा कार्य गरी महंगीको बेला जनतालाई सहज रूपमा चीनी, ग्याँस, लगायतका प्राय सबै धर्यासी सामान सर्वसुलभ रूपमा विक्रि वितरण गर्दै आएकोमा अहिले भेषराज लुइटेल जस्ता व्यक्तिहरु साल्टको विरूद्धमा लागि परेका छन् ।

साल्टका विरूद्धमा पहिला पनि केही निजी क्षेत्रका व्यक्तिहरु लागि परेका थिए उनीहरूले साल्ट्रकै कारण आफूहरूले चाहेको जस्तो व्यापार गर्न नसकेको बताउँदै आएका थिए ती सबैलाई नेपाली जनताले असफल साबित बनाईदिए अहिले आएर फेरी लुइटेलजस्ता पैसाका भोका पात्रहरूलाई अगाडि सारिएको छ ती पात्रहरु प्रत्येक दिन सिंहदरबारभित्र के गर्न पस्छन् सिहदरबारभित्र प्रवेश गर्ने पास उनलाई कसले दिन्छ यी तमाम प्रश्नहरूको उत्तर हामी खोजिरहेका छौं प्रतिक्षा गर्नुहोस् ।

न्यायधीश...

गरेको छ । फुलकोर्ट बैठकले (सोमबार १६ कार्तिक) आफैसँग जोडिएको विषयमा सर्बोच्चले आन्तरिक छानविन समिति गठन गर्नु नहुने र छानविनको जिम्मेवारी संविधान र कानुनले दिएको अधिकार प्रयोग गर्ने निकायलाई सुम्पिनुपर्ने धारणा राखेको छ ।

संविधान र कानुनले दिएको अधिकार प्रयोग गर्ने निकाय भनेको ससद नै हो । अब यो विवादको निरूपण गर्ने जिम्मेवारी संसदमा पुगेको छ । सत्तारूढ दल रास्वपाले समेत महाभियोग लगाउनका लागि प्रक्रिया अघि बढाउनुपर्ने संस्थागत निर्णय गरिसकेको अवस्थामा सर्बोच्चको फुलकोटले समेत संसदलाई नै जिम्मेवारी दिने निर्णय गरेको हुनाले अब संसदबाटै प्रक्रिया अघि बढ्ने निश्चित जस्तै देखिएको छ ।

रास्वपाको निर्णय पश्चात् सर्बोच्चको फुलकोटले समेत त्यसैसँग मिल्ने गरी निर्णय गरेको र सो विषयमा फुलकोर्टको धारणा सार्वजनिक गरिएकाले गर्दा अब संसदीय प्रक्रियाबाटै निर्णय हुनसक्ने सम्भावना बढेको छ । संसदमा रहेका एक चौथाई सांसदहरूले सही गरेर महाभियोगको प्रस्ताव संसदमा राख्न सक्ने भएपनि महाभियोग पारित हुनका लागि दुई तिहाई मतको आवश्यकता हुन्छ ।

प्रतिनिधिसभामा जम्मा २ सय ७५ सांसद रहेकोमा महाभियोग प्रस्ताव पारित हुन १ सय ८४ सांसदको आवश्यकता हुन्छ । संसदमा रास्वपाका १ सय ८२ सांसद रहेपनि सभामुखले मतदान गर्न नपाउने भएकाले रास्वपा एक्लैले महाभियोगको प्रस्ताव पारित गर्न सक्ने सम्भावना नरहेकाले विपक्षी दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, राप्रपा वा श्रम सांस्कृति पार्टी मध्येको एक पार्टीले रास्वपाको प्रस्तावलाई समर्थन नगरेसम्म महाअभियोगको प्रस्ताव पारित हुन सक्ने सम्भावना देखिँदैन ।

प्रहरी...

पदभार ग्रहण गरेका छन् । १७ महिना कार्यकाल बाँकी छँदै सरकारले एक्कासि आईजीपीबाट कार्की हटाउनुलाई धेरैले आश्चर्यका रूपमा हेरेका छन् ।

कार्की किन गए, केसी किन आए- सरकारले चित्तबुझ्दो जवाफ दिन सकेको छैन । सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले दाबी गरे, 'अहिले बदलिँदो परिस्थिति छ । संवेदनशील विषयमा सरकारले केही गर्नुपऱ्यो भन्ने पार्टीबाट निर्देशन आएको थियो । उहाँको जिम्मेवारी फेरबदल गरिएको हो । तर प्रधानमन्त्रीलाई सल्लाह सुझाव दिनु पनि संवेदनशील जिम्मेवारी हो ।'

सरकारले कारबाही गरिएको होइन भने पनि आईजीपीको जिम्मेवारी खोसेर अन्यत्र थन्क्याउनु 'ठूलो कारबाही' रहेको सुरक्षाका जानकारहरूको बुझाई रहेको छ । विगतमा पनि प्रहरी महानिरीक्षकलाई हटाएर प्रधानमन्त्रीको सल्लाहकारका रूपमा लगिएकोमा सर्बोच्चले सो निर्णयलाई अवैधानिक ठहर गर्दै हटाइएका महानिरीक्षकलाई पद बहाली गराउन आदेश दिएको थियो । सो आदेश अनुसार हटाइएका प्रहरी महानिरीक्षक पुर्नबहाली भएका थिए भने अहिले के हुन्छ सो विषय भने हेर्न बाँकी रहेको छ ।

सरकार...

सरकारी कर्मचारीहरूलाई तर्साउने, भ्रष्टाचारको नाममा नियन्त्रणमा लिएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयमा लगेर सोधपुछ गर्ने जस्ता असम्वैधानिक कार्यहरूसमेत हुँदै आएका छन् ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्वैधानिक निकाय भएपनि आयोगका पदाधिकारीहरूलाई समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लगेर सोधपुछ गर्दै सरकारमा रहेका व्यक्तिहरूको स्वार्थका लागि असम्वैधानिक निर्णय लिन बाध्य पारियो । पछिल्लो समयमा सञ्चार जगत्लाई तह लगाउने र प्रधानमन्त्री र मन्त्री तथा सरकारले गरेका गलत निर्णयहरूका बारेमा समाचार प्रकाशित/प्रसारित गरेको भन्दै सञ्चार गृहमै पुगेर सञ्चारकर्मीहरूलाई पक्राउ गरियो । पत्रकारहरूलाई पक्राउ गरेर समाचारको स्रोत पत्ता लगाउने प्रयासमा साइबर व्यूरोलाई दुरूपयोग गरियो । कार्तिक १३ गते मात्र नेपाल प्रेस अनलाइनको कार्यालयमै पुगेर सञ्चारकर्मी विश्वमणि सुवेदीलाई पक्राउ गरियो भने नयाँ पत्रिका सहितका अन्य सञ्चारमाध्यममा प्रहरी पठाएर केहीलाई पक्राउ गर्ने प्रयास समेत गरियो ।

समाचार प्रकाशित र प्रसारित गरेकै भरमा पत्रकारहरूलाई पक्राउ नगर्न सर्बोच्च अदालतले सरकारलाई आदेश दिइसकेको भएपनि बालेन सरकारले त्यसलाई उल्लंघन गर्दै प्रहरी प्रशासनको दुरूपयोग गरिरहनु भनेको लोकतान्त्रिक व्यवस्थाको खिल्ली उडाउनु नै हो ।

समाचार प्रकाशित भएपछि त्यसमा कसैको विरोध भए प्रेस काउन्सिल नेपालमा उजुरी दिन सकिने व्यवस्था रहेकोमा काउन्सिललाई वेवास्ता गर्दै समाचार/प्रकाशित र प्रसारित गरेको भन्दै पक्राउ गर्ने, सञ्चारगृहमा पुगेर निगरानी गर्नु संविधानले दिएको पूर्ण प्रेस स्वतन्त्रताको उल्लंघन भएको हुनाले बालेन सरकार सच्चिनुपर्ने आवश्यकता छ । यस विषयमा रास्वपा समेतले चासो राख्नुपर्ने देखिन्छ ।

सञ्चारकर्मी...

कसैलाई मर्का परेको भए त्यस विषयलाई लिएर प्रेस काउन्सिल नेपालमा उजुरी गर्न सकिने कानुनी व्यवस्था रहेको छ । प्रेस काउन्सिलले समाचार प्रकाशित/प्रसारित गर्ने पत्रकार सञ्चार गृह र पत्रपत्रिकालाई बोलाएर सञ्चारमाध्यम र मर्का परेका दुवै पक्षका बीचमा छलफल गरी समस्याको समाधान गर्न सक्छ ।

यदि काउन्सिलको निर्णयलाई चित्त नबुझेको अवस्थामा जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने नजिर सर्बोच्च अदालतबाट जारी भैसकेको छ । तर सरकारले नै संविधानको उल्लंघन गर्दै प्रहरी पठाएर समाचार लेखेकै कारण र समाचार प्रकाशित गरेकै कारण सञ्चारगृहमा प्रवेश गरेर पत्रकारलाई पक्राउ गर्नु संविधानको ठाडो उल्लंघन हो ।

संविधानले नै दिएको अधिकार प्रयोग गर्दा पत्रकारहरूलाई पक्राउ गर्नु किमार्थ उचित हुन सक्दैन । पत्रकारहरु पनि सविधान ऐन कानुन भन्दा माथि नरहेको विषयमा हामी पत्रकारहरु जानकार रहेका छौं । सरकारले आफ्नो पक्षमा समाचार प्रकाशित नभएको र विपक्षमा मात्र समाचार प्रकाशित गरेको भन्दै त्यसैका आधारमा सञ्चारकर्मीहरूलाई विनाजुर्जी पक्राउ गर्नु लोकतान्त्रिक व्यवस्थाको र पूर्ण प्रेस स्वतन्त्रताको विरूद्धको कार्य हो । पक्राउ गर्ने अनि कसैले जिम्मा नलिने प्रवृत्ति बालेन सरकारले हालै देखाएको छ ।


समाचार कक्षबाटै सञ्चारकर्मीहरूलाई पक्राउ गर्नुको मुख्य कारण समाचारको स्रोत नै नष्ट गर्ने उदेश्यले हालै नेपाल प्रेस अनलाइनको कार्यालयमा प्रहरी पठाएर सरकारले समाचारको स्रोत नै बन्द गर्ने रणनीति लिएको देखिन्छ । सञ्चारकर्मीले आफ्नो समाचारको स्रोतलाई कुनै सर्तमा पनि बचाउनुपर्ने हुन्छ । त्यो नै पत्रकारिताको धर्म हो ।

सत्तामा बसेकाहरूले त्यस्तो स्रोत नै नष्ट गर्ने उदेश्यले सञ्चारकर्मीको स्रोतहरु बन्द गर्न मोबाइल डिभाइस हरु लैजान खोज्ने प्रवृत्तिले गर्दा नत सरकार बलियो हुन्छ नत सञ्चारको स्रोत नै बन्द हुन सक्छ भन्ने हेक्का सरकारलाई होस् ।

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार